# अध्याय एक

# शोध परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

भाषा विचार विनिमयको एउटा परम्परित माध्यम हो जसको प्रयोग प्रचलित ध्वनि सङ्केत वा लिपि चिह्नद्वारा हुन्छ । यो आर्जन र प्रयोगमा आधारित मानवीय व्यवहार हो । यसमा समुदायको जीवन शैली र विश्वास लुकेको हुन्छ । मानवीय अनुभव, अन्तर्सोचाइ, अनुभूति र मूल्य मान्यता आदिको अभिव्यक्तिका लागि भाषाको प्रयोग गरिन्छ । कुनै पनि व्यक्ति वा समाजका विचार आफू समक्ष ल्याउने काम भाषाको भएकाले भाषा सम्प्रेषण योग्य र स्तरीय हुनु आवश्यक छ । नेपाल बहुजातीय र बहुसांस्कृतिक मुलुक हो जहाँ वि.सं. २०६८ को जनगणना अनुसार ४ भाषा परिवार भारोपेली, आग्नेली, चिनिया र द्रविडेली अन्तर्गत १२३ भाषा बोल्ने भाषिक समुदाय रहेका छन् । नेपाली भाषालाई मातृभाषाका रूपमा प्रयोग गर्ने कुल जनसङ्ख्या मध्ये ४४.६ प्रतिशत रहेका छन् भने नेपाली इतर मातृभाषीहरु ५५.४ प्रतिशत रहेका छन् । भाषाले एकातिर मान सभ्यताको इतिहास बचाइ राख्दछ भने अर्कातिर यो मानव प्रयोग द्वारा नै जीवन्त बन्दछ । भाषा कथ्य र लेख्य परम्परामा आधारित छ, त्यसैले भाषाका मौखिक र लिखित गरी दुई रूप हुन्छन् ।

वाक्य भाषाको तल्लो एकाइबाट बनेको सबैभन्दा ठुलो एकाइ हो । यसमा एक वा सो भन्दा बढी उपवाक्यहरु रहेका हुन्छन् । यो उद्देश्य र विधेय मिलेर बनेको भाषिक एकाइ हो । संरचना वादीहरुका अनुसार पूर्ण र अपूर्ण गरी दुई प्रकारका वाक्यमा छुट्याइएको हुन्छ । जसमा उद्देश्य र विधेय एउटा मात्र छ भने अपूर्ण वाक्य र उद्देश्य र विधेय युक्त वाक्यलाई पूर्ण वाक्य भनिन्छ । वाक्यका आधारभूत तत्त्वहरु लिङ्ग, वचन, पुरुष, काल, पक्ष, भाव आदि अनुसार वाक्य बनाउनु जरुरी हुन्छ (ढकाल र खतिवडा, २०६९ : १८८) । कर्ता, कर्म र क्रियाको सङ्गति मिल्नुलाई वाक्य गठन भनिन्छ । वाक्य वर्ण अक्षर रूप, पद, पदावली र उप वाक्यको संयोगबाट निर्माण भएको हुन्छ । लिङ्ग, वचन, पुरुष, आदर, भाव, वाच्य, पक्ष आदिका आधारमा वाक्य गठन गर्न सक्ने क्षमता नै वाक्य गठन भएकाले विद्यार्थीहरुमा वाक्य गठन सम्बन्धी ज्ञान हुनु जरुरी छ । विद्यार्थीहरुमा शुद्ध र स्तरीय नेपाली बोल्ने र लेख्ने प्रशस्त कमजोरीहरु पाइन्छन् । ती कमजोरीहरु मातृ भाषाको प्रभावका कारणले हुन जान्छन् । त्यसैले नेपाली भाषाको शुद्ध र स्तरीय वाक्य गठन सम्बन्धी सिप

सिकेर परिष्कार र शुद्धतामा सहयोग पुग्ने भएकाले वाक्य गठनको शिक्षण आवश्यक देखिन्छ ।

## १.२ समस्या कथन

अनुसन्धान आफैँमा समस्याको जालो हो र यो एकदमै जटिल कार्य पनि हो । अनुसन्धान नयाँ ज्ञान प्रतिपादन गर्ने, सिद्धान्त निर्माण गर्न र समस्या समाधानमा केन्द्रित हुन्छ । यस्तो कार्यलाई प्रभावकारी बनाउनका लागि निश्चित उद्देश्य र सीमा भित्र रहेर अगाडि बढ्यो भने मात्र शोधकार्य सहज र प्रभावकारी हुन्छ । मानवीय भावना अभिव्यक्त गर्ने सबैभन्दा उत्कृष्ट साधन भाषा हो । भाषालाई  जीवन्तता दिने काम वाक्यले गर्दछ । वाक्यले भाषालाई व्यवस्थित बनाउने काम गरेको हुन्छ । व्याकरणिक अर्थले वाक्य गठनका पक्षहरु लिङ्ग, वचन, आदर, काल, भाव, पक्ष आदि मिलाई शब्दलाई प्रयोग योग्य बनाउनु नै वाक्य गठन हो ।

भाषामा उपयुक्त वाक्य गठनले महत्त्वपूर्ण स्थान राख्दछ, अन्यथा उपयुक्त वाक्य गठन भएन भने अर्थको अनर्थ लाग्न सक्छ । शिक्षाण कार्यमा त झन् विद्यार्थीहरुको वाक्य गठन क्षमतालाई प्राथमिकताका साथ हेर्ने गरिन्छ । नेपाल बहु भाषिक मुलुक भएकाले यहाँ विभिन्न भाषा परिवारका विद्यार्थीहरु विद्यालयमा अध्ययन गर्दछन् । मातृभाषा नेपाली नहुनेहरुले यसलाई सम्पर्क भाषाका रूपमा लिएका छन् । मातृभाषा नेपाली हुने र अन्य मातृभाषा हुने विद्यार्थीहरुको वाक्य गठन क्षमतामा धेरै अन्तर देखिन सक्छ । विद्यार्थीहरुलाई व्याकरणिक सिपको विकास गर्न वाक्य गठन क्षमताको महत्त्वपूर्ण स्थान छ । विद्यार्थीहरुले ग्रहण गरेको ज्ञानलाई उपयुक्त ढङ्गले अभिव्यक्त गर्न सक्ने र लेख्न सक्ने तुल्याउनका लागि उपयुक्त वाक्य गठन अति आवश्यक हुन्छ । भाषा सिकाइलाई उत्कृष्ट र सम्वृद्ध बनाउन पनि उत्तिकै महत्त्व छ । विद्यार्थीहरुलाई शुद्ध र स्तरीय व्याकरणिक धारणाको विकास गराउन, प्राप्त गरेको ज्ञानलाई उपयुक्त ढङ्गले अभिव्यक्ति गर्न वाक्य गठनको आवश्यकता पर्दछ ।

प्रस्तुत शोधको शीर्षक ‘कैलाली जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरुको वाक्य गठन क्षमताको अध्ययन’ रहेकोले प्रस्तुत शोधकार्य निम्न लिखित समस्यामा केन्द्रित रहेको छ :

(क) कैलाली जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरुको वाक्य गठन क्षमता के कस्तो छ ?

(ख) विद्यालयको प्रकृतिका आधारमा वाक्य गठन क्षमताको तुलनात्मक स्थिति के कस्तो छ ?

(ग) लैङ्गिकताका आधारमा वाक्य गठन क्षमताको तुलनात्मक स्थिति के कस्तो छ ?

## १.३ अध्ययनको उद्देश्य

प्रस्तुत शोध अध्ययनका उद्देश्यहरु निम्न लिखित रहेका छन् :

(क) कैलाली जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरुको वाक्य गठन क्षमता पत्ता लगाउनु

(ख) विद्यालयको प्रकृतिका आधारमा कक्षा छमा अध्ययनरत विद्यार्थीहरुको वाक्य गठन क्षमताको तुलनात्मक अध्ययन गर्नु

(ग) लैङ्गिकताका आधारमा वाक्य गठन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु ।

## १.४ पूर्वकार्यको समीक्षा

प्रस्तुत शोधकार्य 'कैलाली जिल्लाको कक्षा छमा अध्ययनरत विद्यार्थीहरुको वाक्य गठन क्षमताको अध्ययन' लाई सम्पन्न गर्नका लागि यसभन्दा पहिले सम्पन्न शोधकार्य र पुस्तकको समीक्षा निम्नानुसार छ :

### १.४.१ पुस्तक समीक्षा

प्रस्तुत शोधकार्य कैलाली जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरुको वाक्य गठन क्षमता अध्ययनमा केन्द्रित रहेको छ । त्यसैले वाक्य गठन सम्बन्धी सैद्धान्तिक विषय वस्तुको लागि पुस्तक समीक्षा मार्ग दर्शकको रूपमा रहने हुँदा यहाँ विभिन्न पुस्तकहरको समीक्षालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

भट्टराई र ढुङ्गेल (२०७३) द्वारा *माध्यमिक नेपाली व्याकरण र अभिव्यक्ति* शीर्षकमा विद्यालय तहको पाठ्यक्रममा आधारित व्याकरणका खण्डको पाठ्य पुस्तक तयार पारिएको छ । उक्त पाठ्य पुस्तकमा भाषा र व्याकरणको परिचय, नेपाली वर्ण व्यवस्था, पदवर्ग, पदवर्गको विचलन, वचन, लिङ्ग, पुरुष, काल,पक्ष, भाव, वाक्य, शब्द निर्माण

प्रक्रिया, नेपाली भाषाको शब्द भण्डार, वाक्यको परिचय, प्रकार, पद सङ्गति, करक विभक्ति वाच्य, करण अकरण जस्ता शीर्षकहरु राखी उदाहरण सहित पुष्टि गरिएको छ ।

ढकाल र खतिवडा (२०६९) द्वारा *नेपाली भाषा र साहित्य शिक्षण* शीर्षकमा स्नातकोत्तर तह दोस्रो वर्षका लागि पाठ्य पुस्तक तयार पारिएको छ । उक्त पाठ्य पुस्तकमा वाक्य रचना भनेको के हो भनी परिभाषित गर्दै वाक्य रचना शिक्षणको परिचय, कार्यकलाप सहित वाक्य गठन सम्बन्धी त्रुटिहरु उदाहरण सहित उल्लेख गरिएको छ । त्यसै गरी आधारभूत वाक्यमा ढाँचाहरु र तिनको शिक्षणीय महत्त्वलाई पनि उदाहरण सहित प्रष्ट पारिएको छ ।

ओझा, खकुरेल र अधिकारी (२०७०) द्वारा शिक्षक सेवा आयोगको *आधारभूत शैक्षिक ज्ञान र नेपाली भाषा शिक्षण* नाम नि.मा.वि. तहको पाठ्य पुस्तकमा भाषिक सिप खण्ड अन्तर्गत वाक्य गठन शिक्षण' शीर्षक राखी वाक्य गठन शिक्षणको परिचय, विधि स्पष्ट पारिएको छ । उक्त पाठ्य पुस्तकमा वाक्य गठन शिक्षण भनेको वाक्यको आधारभूत तहको शिक्षण हो । वाक्य गठन सम्बन्धी त्रुटि इतर मातृभाषी नेपालीमा बढी पाइन्छ । वाक्य गठनमा प्राय जसो सचेत र अलमेल दुबै किसिमले पाइन्छ भन्दै वाक्यका आधारभूत तत्त्वहरु लिङ्ग, वचन, पुरुष, आदर, काल, वाच्यलाई अलग अलग रूपमा शिक्षण गर्नु पर्छ भनी सामान्य विधिको समेत चर्चा गरिएको छ ।

पौडेल (२०७०) द्वारा *नेपाली भाषा शिक्षण* नामक पुस्तक पनि यस शोध प्रस्तावका लागि एक महत्त्वपूर्ण सामग्रीका रूपमा रहेको छ । उक्त पुस्तकमा वाक्य गठनको परिचय, प्रयोजन, कार्यकलाप आदि कुराको वर्णन गरिएको छ । उक्त पुस्तक वाक्य गठन शिक्षणका लागि आवश्यक पर्ने भएकाले यो पुस्तकलाई शोध प्रस्तावको सान्दर्भिक र उपयोगी पुस्तकको रूपमा लिन सकिन्छ । विशेषत उक्त पुस्तकमा वाक्य गठनका बारेमा चर्चा गरेकाले उक्त पुस्तक सान्दर्भिक र उपयोगी ठानिन्छ ।

शर्मा र पौडेल (२०७०) द्वारा *नेपाली भाषा र साहित्य शिक्षण* शीर्षकमा स्नातकोत्तर तह दोस्रो वर्षको पाठ्य पुस्तक तयार पारिएको छ । उक्त पाठ्य पुस्तकको एकाइ छ अन्तर्गत वाक्य रचना शिक्षण शीर्षक राखी वाक्य रचना शिक्षणको परिचय, प्रयोजन, नेपाली भाषाका आधारभूत वाक्य ढाँचा र तिनको शिक्षणीय महत्त्वलाई स्पष्ट उल्लेख गरिएको छ । वाक्य रचनामा मातृ भाषाको प्रभाव, वातावरणीय प्रभाव, भाषिक

आदान प्रदान आदि कारणले वाक्य गठनमा त्रुटि देखिन्छ । वाक्य रचनाका ४ ओटा प्रमुख कार्यकलापको व्याख्या गरिएको छ ।

माथि उल्लेख गरिएका विद्वान्हरुका पाठ्य पुस्तकहरुको अध्ययनमा नेपाली भाषासँग सम्बन्धित रहेर विद्यार्थीका विभिन्न क्षमताको बारेमा अध्ययन तथा विश्लेषण भएको पाइन्छ । त्यसैले उल्लिखित पाठ्य पुस्तकहरु प्रस्तुत शोध शीर्षकका लागि द्वितीयक स्रोतका रूपमा सहयोग पुऱ्याएका छन् ।

### १.४.२ शोध कार्यको समीक्षा

प्रस्तुत अध्ययन कार्य सम्पन्न गर्नका लागि यसभन्दा अगाडि गरिएका शोधकार्यहरु मार्ग दर्शकको रूपमा रहेका हुन्छन् । वाक्य गठन क्षमताको अध्ययन शीर्षकमा आफ्नो क्षेत्रलाई आधार बनाएर विद्यार्थीहरुमा वाक्य गठन क्षमता के कस्तो छ, विद्यार्थीको उमेर, तह अनुसार वाक्य गठन क्षमता कस्तो छ भन्ने सन्दर्भमा विभिन्न शोधकार्य सम्पन्न भएका छन् । ती शोधकार्यको शीर्षक, उद्देश्य, विधि र निष्कर्षलाई निम्न अनुसार प्रस्तुत गरिएको छ :

आचार्य (२०६१) द्वारा 'तनहुँ जिल्लाका कक्षा आठमा अध्ययनरत मगर मातृभाषी विद्यार्थीहरुले नेपाली वाक्य गठनमा गर्ने त्रुटिहरुको अध्ययन' शीर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रमा त्रुटिको पहिचान गर्ने, त्रुटिका कारणहरु पत्ता लगाउने, तुलनात्मक विश्लेषण र त्रुटि निराकरणका लागि सुझाव दिने उद्देश्य राखिएको छ । तनहुँ जिल्लाका कक्षा आठमा अध्ययनरत मगर भाषी विद्यार्थीहरुलाई परीक्षणको रूपमा लिइएको छ । तिनवटा विद्यालयका २०/२० जना विद्यार्थी गरी जम्मा ६० जना विद्यार्थीहरुमा परीक्षण गरिएको पाइन्छ । उक्त शोधकार्यका निम्ति क्षेत्रीय अध्ययन विधि र नमुना सर्वेक्षण विधिको प्रयोग गरिएको छ । उक्त शोधकार्यको प्राप्तिका रूपमा लिङ्ग, वचन, पुरुष, पक्ष, आदिमा त्रुटि रहेको छ । मातृ भाषागत प्रभाव, अध्ययन तथा अभ्यासको कमी नै त्रुटिको कारण रहेको निष्कर्ष निकालिएको छ । अतः उक्त शोधपत्रको अध्ययन पश्चात् प्रस्तुत अध्ययनमा अपनाइने विधि छनोट गर्ने तरिका, सामग्रीको विश्लेषण गरी तालिकीकरण र व्याख्या गर्नमा सहयोग पुग्न सक्ने कुरामा विश्वस्त हुन सकिन्छ ।

राई (२०६५) द्वारा 'वान्तवा मातृभाषी विद्यार्थीहरुले स्तरीय नेपाली भाषामा गर्ने व्याकरणिक कोटि सम्बन्धी त्रुटिको अध्ययन' शीर्षकमा शोधकार्य गरिएको छ । उक्त

शोधकार्यको मुख्य उद्देश्य बान्तवा भाषी विद्यार्थीहरुले स्तरीय नेपाली भाषा बोल्दा व्याकरणात्मक कोटिमा गर्ने त्रुटि, त्रुटिका कारण पत्ता लगाउनु रहेको छ । पाँचथर जिल्लाका कक्षा पाँचमा अध्ययनरत विद्यार्थीहरुमा उक्त अध्ययन गरिएको छ । उक्त शोधकार्यमा प्रतिनिधि तथा नमुना छनोट विधि, क्षेत्रीय अध्ययन र पुस्तकालय कार्य विधिको प्रयोग गरिएको छ । बान्तवा भाषमा द्विवचन पनि रहेको, लिङ्ग सङ्गति नभई शब्दगत मात्र हुने, आदरार्थी शब्दमा उपसर्ग लाग्ने वाक्यहरुमा कर्तृवाच्य बाहेक अन्य नहुने जस्ता निष्कर्ष निकालिएको छ । अतः उक्त शोधपत्रको अध्ययन पश्चात् प्रस्तुत अध्ययनमा अपनाइने विधि छनोट गर्ने तरिका, सामग्रीको विश्लेषण गरी तालिकीकरण र व्याख्या गर्नमा सहयोग पुग्न सक्ने कुरामा विश्वस्त हुन सकिन्छ ।

उपाध्याय (२०६७) द्वारा 'कक्षा छका विद्यार्थीहरुको वाक्य गठन सम्बन्धी त्रुटिहरुको अध्ययन' शीर्षकमा अध्ययन गरिएको छ । उक्त अध्ययनको उद्देश्य जाजरकोट जिल्लाका विद्यार्थीहरुको वाक्य गठन सम्बन्धी त्रुटि पत्ता लगाउनु, त्रुटिको वर्गीकरण गरी पहिचान गर्नु रहेका छन् । यस शोध कार्यमा क्षेत्रीय विधि, नमुना सर्वेक्षण विधि र तथ्याङ्क सङ्कलन विधिको प्रयोग गरिएको छ । प्रस्तुत अध्ययन लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, कारक, वाच्य सम्बन्धी आठ तत्त्वमा आधारित छ । विद्यार्थीहरुले काल र पक्षमा सबैभन्दा राम्रो  गरेको, कारक र वचनमा सबैभन्दा बढी त्रुटि गरेको पाइएको निष्कर्ष निकालिएको पाइन्छ । अतः उक्त शोधपत्रको अध्ययन पश्चात् प्रस्तुत अध्ययनमा अपनाइने विधि छनोट गर्ने तरिका, सामग्रीको विश्लेषण गरी तालिकीकरण र व्याख्या गर्नमा सहयोग पुग्न सक्ने कुरामा विश्वस्त हुन सकिन्छ ।

अधिकारी (२०६९) द्वारा 'काभ्रे जिल्लाका कक्षा आठमा अध्ययनरत दनुवारी मातृभाषी विद्यार्थीहरुले नेपाली वाक्य गठनमा गर्ने त्रुटिको अध्ययन' शीर्षकमा शोधकार्य सम्म गरिएको छ । उक्त शोधकार्यको उद्देश्य कक्षा आठमा अध्ययनरत दनुवार भाषी विद्यार्थीहरुले वाक्य गठनमा गर्ने त्रुटि पत्ता लगाउनु, दनुवारी भाषी विद्यार्थीबाट गरिने त्रुटिको तुलनात्मक विश्लेषण गर्नु रहेको छ। प्राथमिक र गौण सामग्रीको प्रयोग गरी संक्षिप्त सामग्रीलाई वर्णनात्मक र तुलनात्मक पद्धति अवलम्बन गरी विश्लेषण गरिएको छ । विद्यार्थीहरुको विभिन्न पक्षमा त्रुटि बढी हुनुको कारण, मातृभाषाको प्रभाव, विद्यालयको भौतिक तथा व्यवस्थापन पक्ष, शैक्षिक पक्ष आदिको अभाव देखिइ निष्कर्ष निकालिएको छ । अतः उक्त शोधपत्रको अध्ययन पश्चात् प्रस्तुत अध्ययनमा अपनाइने विधि छनोट गर्ने

तरिका, सामग्रीको विश्लेषण गरी तालिकीकरण र व्याख्या गर्नमा सहयोग पुग्न सक्ने कुरामा विश्वस्त हुन सकिन्छ ।

बराल (२०६९) द्वारा 'सिन्धुली जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुले नेपाली भाषाको वाक्य गठनमा गर्ने त्रुटिको अध्ययन' शीर्षकमा शोधकार्य तयार पारिएको छ । उक्त शोधकार्यमा विद्यार्थीहरुले नेपाली भाषाको वाक्य गठनमा गर्ने त्रुटिको अध्ययन गर्नु, वर्गीकरण गर्नु र त्रुटिका कारणहरु पहिल्याउनु जस्ता उद्देश्य राखिएको छ । उक्त अध्ययनमा वर्णनात्मक र सर्वेक्षण विधिको प्रयोग गरिएको छ । उक्त शोधकार्यको प्राप्तिका रूपमा सबैभन्दा बढी त्रुटि वाच्य र कारकमा रहेको, स्वतन्त्र लेखनमा धेरै विद्यार्थीहरुको अवस्था नाजुक रहेको कुरा निष्कर्षको रूपमा प्रस्तुत गरिएको छ । अतः उक्त शोधपत्रको अध्ययन पश्चात् प्रस्तुत अध्ययनमा अपनाइने विधि छनोट गर्ने तरिका, सामग्रीको विश्लेषण गरी तालिकीकरण र व्याख्या गर्नमा सहयोग पुग्न सक्ने कुरामा विश्वस्त हुन सकिन्छ ।

खनाल (२०७०) द्वारा 'स्याङ्जा जिल्लाका कक्षा आठमा अध्ययनरत गुरुङभाषी विद्यार्थीहरुको वाक्य गठन क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । उक्त शोधकार्यको उद्देश्य स्याङ्जा जिल्लाका गुरुङ मातृभाषी विद्यार्थीहरुको नेपाली वाक्य गठन क्षमता पहिचान गर्नु र तुलना गर्नु रहेको छ । प्रस्तुत अध्ययन पुस्तकालयीय, क्षेत्रीय र नमुना विधिद्वारा सम्पन्न गरिएको छ । लिङ्ग, वचन, पुरुष, काल, भाव, पक्ष, वाच्य र कारक गरी ८ तत्त्वमा आधारित रही गरिएको छ । उक्त अध्ययनमा विद्यार्थीहरुले गर्ने वाक्य गठनका विभिन्न पक्षको त्रुटिमा कारक र वाच्य पक्षमा सबैभन्दा बढी त्रुटि, वचन लिङ्ग पक्षमा सबैभन्दा कम त्रुटि गरेको निष्कर्ष निकालिएको छ । अतः उक्त शोधपत्रको अध्ययन पश्चात् प्रस्तुत अध्ययनमा अपनाइने विधि छनोट गर्ने तरिका, सामग्रीको विश्लेषण गरी तालिकीकरण र व्याख्या गर्नमा सहयोग पुग्न सक्ने कुरामा विश्वस्त हुन सकिन्छ ।

सुवेदी (२०७०) द्वारा 'पर्वत जिल्लाका कक्षा आठमा अध्ययनरत मगर भाषी विद्यार्थीहरुले नेपाली वाक्य गठनमा गर्ने त्रुटिहरुको अध्ययन' शीर्षकमा शोधकार्य गरिएको छ । उक्त शोधकार्यको उद्देश्य भाषा सिकाइमा हुने त्रुटि तथा वाक्य गठन सम्बन्धी सैद्धान्तिक चर्चा गर्नु, पर्वत जिल्लाका उत्तरी भेगका मगर भाषी विद्यार्थीहरुले नेपाली भाषाको वाक्य गठनमा गर्ने त्रुटिहरु पत्ता लगाउने उद्देश्य राखिएको छ । यस अध्ययनमा क्षेत्रीय अध्ययन विधि र वर्णनात्मक अध्ययन विधिको प्रयोग गरिएको छ । यस अध्ययनमा

पर्वत जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको क्षमता विश्लेषण गरिएको छ । वस्तुगत, विषयगत र स्वतन्त्र लेखन गरी तिन प्रकारका प्रश्नहरु निर्माण गरेर अध्ययन अगाडि बढाइएको छ । उक्त अध्ययनमा मगर भाषी विद्यार्थीहरुले अधिकांश त्रुटिहरु वाक्य गठन गर्दा देखाएको र निराकरणको लागि सैद्धान्तिक व्याकरणको धारणा व्याख्यान विधिद्वारा गर्नुको सट्टा प्रयोग मूलक अध्ययनमा जोड दिएमा त्रुटि कम हुने निष्कर्ष निकालिएको छ ।

धिताल (२०७१) द्वारा 'बर्दिया जिल्लाका कक्षा सातमा अध्ययनरत थारुभाषी विद्यार्थीहरुको वाक्य गठन क्षमताको अध्ययन' नामक स्नातकोत्तर शोधपत्र तयार पारिएको छ । उक्त शोधकार्यको उद्देश्य वाक्य गठनमा गर्ने त्रुटिको पहिचान गर्ने, छात्रा वा छात्रबिच र संस्थागत र सामुदायिक विद्यालयका विद्यार्थीहरुबिच वाक्य गठन क्षमताको तुलनात्मक अध्ययन गर्ने रहेको छ । क्षेत्रीय अध्ययन विधि, नमुना विधिको प्रयोग गरी अध्ययन सम्पन्न गरिएको छ । उक्त शोधकार्य प्राप्तिका रूपमा छात्र भन्दा छात्रा र संस्थागत भन्दा सामुदायिक विद्यालयका विद्यार्थी कमजोर रहेको निष्कर्ष निकालिएको छ । अतः उक्त शोधपत्रको अध्ययन पश्चात् प्रस्तुत अध्ययनमा अपनाइने विधि छनोट गर्ने तरिका, सामग्रीको विश्लेषण गरी तालिकीकरण र व्याख्या गर्नमा सहयोग पुग्न सक्ने कुरामा विश्वस्त हुन सकिन्छ ।

पौडेल (२०७१) द्वारा 'कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको वाक्य गठनमा गर्ने त्रुटिको अध्ययन' शीर्षकमा स्नातकोत्तर शोधपत्र तयार पारिएको छ । उक्त शोधपत्रमा वाक्य गठन क्षमताको पहिचान, त्रुटि क्षेत्र पहिचान र लिङ्गगत त्रुटि र भाषिक त्रुटिको तुलनात्मक अध्ययन गर्ने उद्देश्य रारिखएको छ । अध्ययनका क्रममा ५ सामुदायिक र ५ संस्थागत विद्यालयका ८० जना विद्याथर्थीहरुमा परीक्षण गरिएको पाइन्छ । उक्त अध्ययनमा सर्वेक्षण र वर्णनात्मक विधिको प्रयोग गरी अध्ययन गरिएको छ । उक्त शोधको प्राप्तिका रूपमा संस्थागत भन्दा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरु वाक्य गठन क्षमतामा कमजोर भएको निष्कर्ष निकालिएको छ । अतः उक्त शोधपत्रको अध्ययनपछि प्रस्तुत शोधकार्यमा विधि छनोट, सामग्री निर्माण, परीक्षण, तथ्याङ्क विश्लेषण तथा व्याख्या गर्न सहयोग पुग्ने देखिन्छ ।

देवकोटा (२०७२) द्वारा 'नवल परासी जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको वाक्य गठन क्षमताको अध्ययन' शीर्षकमा स्नातकोत्तर शोधपत्र तयार पारिएको छ । उक्त शोधकार्यमा नवल परासी जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको वाक्य गठन क्षमता पत्ता लगाउनु, भाषिक पृष्ठभूमि र लैङ्गिकताका आधारमा वाक्य गठन क्षमताको भिन्नता पहिल्याउनु, वाक्य गठन क्षमता वृद्धिका उपायहरु सुझाउनु उद्देश्य राखिएको छ । उक्त अध्ययनमा आठ वटा सामुदायिक विद्यालयका ८० जना विद्यार्थीहरुमा परीक्षण गरिएको पाइन्छ । उक्त अध्ययनमा प्रतिनिधि नमुना छनोट, क्षेत्रीय अध्ययन विधिको प्रयोग गरी अध्ययन गरिएको छ । विद्यार्थीहरुको वस्तुगत प्रश्नमा पक्षगत प्रयोग क्षमता र स्वतन्त्र लेखन क्षमतामा अत्यन्त कमजोर रहेको निष्कर्ष देखिन्छ ।

यसरी पूर्वकार्यको समीक्षा गर्दा हालसम्म वाक्य गठन सम्बन्धी विभिन्न अध्ययन अनुसन्धान भएका प्रशस्तै शोधहरु भेटिन्छन् । यी शोधहरुले प्रस्तुत अध्ययनलाई महत्त्वपूर्ण आधार प्रदान गरेको छ । यस सन्दर्भमा विभिन्न शोधार्थीहरु द्वारा विभिन्न भाषी विद्यार्थीहरुको वाक्य गठन क्षमता अध्ययन अनुसन्धान भएको पाइए तापनि कैलाली जिल्लाको कक्षा छमा अध्ययनरत विद्यार्थीहरुको वाक्य गठन क्षमताको अध्ययन भएको भेटिँदैन । तसर्थ उल्लिखित पूर्वकार्यहरुलाई सहयोगी आधारको रूपमा लिई शोध तयार पारिने छ । साथै यो शोध माथि उल्लिखित शोधहरु भन्दा विशिष्ट बनाइएको छ ।

## १.५ अध्ययनको औचित्य

हरेक लक्ष्य प्राप्तिको सफलता असल उद्देश्य छनोटमा आधारित हुन्छ । उद्देश्य लक्ष्य प्राप्तिको एउटा प्रमुख साधन हो । भाषामा वाक्य गठन सही ढङ्गले प्रयोग गर्नु नितान्त आवश्यक देखिन्छ । वाक्य गठनलाई भाषाको मुटुको रूपमा लिइन्छ । विद्यार्थीहरुले उपयुक्त ठाउँमा उपयुक्त वाक्य गठन गर्न सके मात्र नेपाली भाषा शिक्षण औचित्यपूर्ण भएको मानिएको छ । यस अध्ययनमा कक्षा छ को पाठ्यपुस्तकमा प्रयुक्त लिङ्ग वचन, का, पुरुष, भाव, वाच्य, पक्ष आदिसम्बन्धी व्याकरणिक कोटिको आधारमा वाक्य गठन गर्ने क्षमता पहिल्याएको हुनाले प्रस्तुत अध्ययन औचित्यपूर्ण देखिन्छ ।

हालसम्म 'कैलाली जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरुको वाक्य गठन क्षमताको अध्ययन' शीर्षकमा अनुसन्धान नगरिएकाले कैलाली जिल्लाका कक्षा छमा अध्ययनरत

विद्यार्थीहरुको वाक्य गठन क्षमता के कस्तो छ भन्ने बारेमा खोजी गर्नका लागि प्रस्तुत अध्ययन औचित्यपूर्ण रहने छ। यस अध्ययनको औचित्य निम्नानुसार स्पष्ट पार्न सकिन्छ :

- वाक्य गठन सम्बन्धी अध्ययन अनुसन्धन गर्न चाहने शोधकर्तालाई चाहिने आधार सामग्रीको रूपमा सहयोग हुने भएकाले यो औचित्यपूर्ण रहेको छ।
- भाषालाई मानक शुद्ध र स्तरीय बनाउनका लागि यो अध्ययन सामग्री सहयोगी भएको छ।
- सम्बन्धित कक्षाका विद्यार्थीहरुको वाक्य गठन क्षमता पहिचान गर्नका लागि प्रस्तुत अध्ययन सहयोगी रहेको छ।
- सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको वाक्य गठन क्षमता थाहा पाउनु,
- लैङ्गिक आाधरमा विद्यार्थीहरुको वाक्य गठन क्षमताको भिन्नता थाहा पाउनु,
- भावी अध्ययनका निम्ति आधार तयार गर्न सहयोगी भएको छ।

## १.६ अध्ययनको सीमाङ्कन

- प्रस्तुत अध्ययन कैलाली जिल्लाको कक्षा छमा अध्ययनरत विद्यार्थीहरुको वाक्य गठन क्षमतामा सीमित रहेको छ।
- प्रस्तुत अध्ययनमा ५ सामुदायिक र ५ संस्थागत विद्यालयलाई मात्र समावेश गरिएका छन्।
- लैङ्गिक आधारमा १० ओटा विद्यालयका ४० छात्र र ४० छात्रा गरी जम्मा ८० जना विद्यार्थीहरुलाई समावेश गरिएको छ।
- अध्ययनको निष्कर्ष आफूले अध्ययनबाट प्राप्त गरेका तथ्याङ्कका आधारमा प्रस्तुत गरिएको छ।

# अध्याय दुई

# सैद्धान्तिक अवधारणा

## २.१ सैद्धान्तिक परिचय

भाषाको आर्जन व्यक्तिले समाजबाट गर्दछ । भाषा व्यक्तिको अपरिहार्य वस्तु हो । कुनै पनि भाषाका मौखिक र लिखित दुई माध्यम हुन्छन् । मौखिक माध्यम उच्चार्य र श्रव्य प्रक्रियामा आधारित हुन्छ । यसको प्रयोग वक्ता र श्रोताको सामीप्यमा हुन्छ । मौखिक भाषा ध्वन्यात्मक वास्तविक रूप पनि हो तर विभिन्न कारणले गर्दा मानवीय समाजमा लिखित भाषाको प्रयोग पनि हुने गर्दछ । लिखित भाषाबाटै मानवले ज्ञान विज्ञानका क्षेत्रमा उपलब्ध गरेका प्राप्ति र उपादेयताहरुलाई सुरक्षित गरेर राख्न सकिन्छ र तिनको अध्ययन र प्रयोग गरेर युग युगान्तसम्म मानवीय सभ्यताको विकासमा टेवा पुऱ्याउन सकिन्छ । त्यसैले भाषाको लेख्य माध्यम अपरिहार्य हुन जान्छ (शर्मा र पौडेल, २०७० : ३६८) ।

भाषिक सिप मुख्य गरी दुई वटा हुन्छन्- ग्रहण र अभिव्यक्ति सिप । यी दुबै सिपमा वाक्य गठनको महत्त्वपूर्ण स्थान रहेको हुन्छ । शिक्षण कार्यमा त झन् विद्यार्थीहरुको वाक्य वाक्य क्षमतालाई प्राथमिकतामा हेर्ने गरिन्छ । नेपाल बहुभाषिक मुलुक भएकाले यहाँ विभिन्न भाषा भाषिका विद्यार्थीहरु विद्यालयमा अध्ययन गर्दछन् । मातृभाषा नेपाली नहुनेहरुले यसलाई सम्पर्क भाषाका रूपमा लिएका छन् । मातृभाषा नेपाली हुने र अन्य मातृभाषा हुने विद्यार्थीहरुले वाक्यगठन क्षमतामा धेरै अन्तर देखिन सक्छ । विद्यार्थीहरुलाई व्याकरण सिक्न वाक्य गठन क्षमताको महत्त्वपूर्ण स्थान रहेको छ । विद्यार्थीहरुले ग्रहण गरेका ज्ञानलाई उपयुक्त ढङ्गले अभिव्यक्ति गर्न सक्ने लेख्न सक्ने तुल्याउनका लागि उपयुक्त वाक्य गठन अति आवश्यक हुन्छ ।

भाषालाई स्तरीयता प्रदान गर्ने काम पूर्ण वाक्यले मात्र गर्दछ । उद्देश्य र विधेययुक्त वाक्य नै पूर्ण वाक्य हो । त्यसैले वाक्यका आधारभूत तत्त्वहरु लिङ्ग, वचन, पुरुष, आदर काल, पक्ष, भाव, वाच्य र ध्रुवीयताका आधारमा वाक्य गठन गर्न सकेमा मात्र पूर्ण वाक्य बन्दछ (शर्मा र पौडेल, २०७०: ३०८-३५९) । त्यसैले विद्यार्थीहरुमा वाक्यगठन सम्बन्धी अभ्यास र ज्ञान हुनु जरुरी छ ।

## २.१.१ वाक्यको परिचय

वाक्य भाषाको सबैभन्दा माथिल्लो एकाइ हो । सामान्यतया उद्देश्य विधेय सहितको भाषिक एकाइलाई वाक्य भनिन्छ (दाहाल र दाहाल, २०७० : १०६) । उद्देश्य र विधेयले मात्र पनि वक्ताको भाव स्पष्ट पार्ने हुँदा सधै वाक्यमा उद्देश्य र विधेय हुनु पर्दछ । कथनको पूर्णता हुने भएकाले यसलाई भाषाको सबैभन्दा ठूलो एकाइ मानिएको हो । संरचनावादले वर्ण, रूप, शब्द, पदावली उपवाक्य आदिको संयोजनबाट वाक्य बन्दछ भनेको पाइन्छ । यसका संरचक एकाइमा पदावली र उपवाक्य आएका हुन्छन् । उपवाक्य भन्दा माथिल्लो भाषिक एकाइलाई वाक्य भनिन्छ ।

वाक्य : ऊ गरिब छ, तर दयालु छ ।

उपवाक्य : ऊ गरिब छ । दयालु छ ।

पदावली : ऊ गरिब, ऊ दयालु

शब्द : ऊ, गरिब छ तर, दयालु छ ।

संरचनावादीहरुले वाक्यलाई विभिन्न कोशीय एकाइहरुको मेल मान्दछन् (न्यौपाने र घिमिरे, २०७०: ७०) । यिनीहरुले वाक्य विश्लेषणका क्रममा पूर्ण र अपूर्ण गरी दुई भागमा विभाजन गरेको पाइन्छ । पूर्वीय समालोचनामा शब्द वा पदहरुको समूहलाई वा एउटा पूर्ण विचार बुझाउने पद समुहलाई अथवा उद्देश्य र विधेयले युक्त भएको भाषिक संरचनालाई वाक्य भनिएको छ ।

उद्देश्य र विधेय वाक्यका आधारभूत तत्त्व हुन् । एउटा वाक्य पुरा हुनको लागि कम्तीमा एउटा उद्देश्य र विधेय हुनुपर्छ । उद्देश्यलाई कर्ता र विधेयलाई क्रियापद पनि भनिन्छ (भट्टराई र ढुङ्गेल, २०७३ : १९२-१९३) । जसको विषयमा जे कुरा भनिएको छ त्यसलाई उद्देश्य भनिन्छ र यो विधेय भन्दा अगाडि आउँछ । उद्देश्यको विषयमा जे कुरा भनिन्छ त्यसलाई विधेय भनिन्छ र त्यो वाक्यको अन्त्यमा आउँछ । वाक्यमा विधेयका रूपमा एउटा समापिका क्रिया अनिवार्य रूपमा रहेको हुनुपर्छ । अत : कर्ता र समापिका क्रिया वाक्यका आधारभूत अङ्ग हुन् ।

| उद्देश्य | विधेय |
| --- | --- |
| राम | जान्छ । |


महेश पढ्छ ।

सीता खेल्छे ।

वाक्यलाई वर्गीकरण गर्ने मुख्य आधार अर्थ र संरचना हुन् । यी दुई आधारमा वाक्यको वर्गीकरण निम्नानुसार गर्न सकिन्छ :

**क) संरचनाका आधारमा वाक्यका प्रकार**

यस आधारमा वाक्यलाई तिन प्रकारमा वर्गीकरण गर्न सकिन्छ :




**(अ) सरल वाक्य**

एउटा मात्र समापिका क्रिया भएको वाक्यलाई सरल वाक्य भनिन्छ (श्रेष्ठ र अन्य, २०७२ : १२२) । अर्को शब्दमा भन्नुपर्दा एउटा उद्देश्य र विधेय भएको भाषिक एकाइलाई सरल वाक्य भनिन्छ । भाषा वैज्ञानिक दृष्टिले एउटा मात्र समापिका क्रिया रहेको र त्यससँग अन्य कुनै क्रियासहित वा क्रियारहित विधेय नभएको वाक्य सरल वाक्य हुन्छ । आधुनिक भाषा विज्ञान सरल वाक्यलाई आधारभूत वाक्य पनि भनिन्छ । सरल वाक्यमा एउटा कर्ता र एउटै क्रियापद हुन्छ तर एक भन्दा बढी असमापिक क्रिया रहन सक्दछन् ।

जस्तै

- महेश पाठ पढ्छ ।
- महेश विद्यालय गएर पाठ पढ्छ ।
- महेश विद्यालय गई साथीहरुसँग मिलेर पाठ पढ्छ ।

माथिका वाक्यहरुमा एउटा मात्र समापिका क्रियापद 'पढ्छ' प्रयोग भएको छ । पहिलो वाक्यमा असमापिका क्रिया छन् । असमापिका क्रियाहरु प्रयोग गरिएका छन् । यसरी वाक्य जतिसुकै लामो वा छोटो भए पनि र जतिसुकै असमापिका क्रिया आए पनि एउटा मात्र समापिका क्रिया 'पढ' छ भने त्यस्तो वाक्यलाई सरल वाक्य भनिन्छ । सरल वाक्यमा

दुई वा दुई भन्दा बढी शब्दहरुलाई जोड्न संयोजकहरुको प्रयोग पनि हुन सक्दछ । शब्दहरुलाई मात्र जोड्ने भएकाले त्यस्ता वाक्यलाई संयुक्त वाक्य भन्न मिल्दैन । जस्तै :

- राम र श्याम घर गए ।
- मेरो देश नेपाल स्वच्छ शान्त र विशाल लाग्दछ ।

**(आ) संयुक्त वाक्य**

दुई वा दुई भन्दा बढी स्वतन्त्र उपवाक्य (सरल वाक्य) मिली बनेको वाक्यलाई संयुक्त वाक्य भनिन्छ (भट्टराई र ढुङ्गेल, २०७३, १९८) । संयुक्त वाक्यमा आउने उपवाक्य स्वतन्त्र हुन्छन् । यी स्वतन्त्र उपवाक्यलाई जोड्न निरपेक्ष संयोजक र अनि, पनि, वा, अथवा, या, कि, तसर्थ, यसर्थ, त्यसैले, किनकी, किन भने यस कारण, तथापि आदिको प्रयोग हुन्छ । जस्तै :

- राम बजार गयो र किताब किन्यो ।
- म कुरेर बसे तर तिमी आइनौ ।
- आज न्यानो छ किनकी घाम लाग्यो ।
- म जाउँ, कि तिमी जान्छौ ।

**(इ) मिश्र वाक्य**

एउटा निरपेक्ष र अर्को सापेक्ष उपवाक्यको संयोजनबाट निर्मित वाक्यलाई मिश्र वाक्य भनिन्छ (भट्टराई र ढुङ्गेल, २०७३: १९५) । एउटा मुख्य उपवाक्य र अरू एक वा एक भन्दा बढी अधिन (आश्रित) उपवाक्य मिली बनेको वाक्यलाई मिश्र वाक्य भनिन्छ । मिश्र वाक्यमा मुख्य र आश्रित उपवाक्यलाई जोड्ने कार्य सापेक्ष संयोजकहरु भन्ने, भने, भनी, जब, तब, जहाँ, त्यहाँ, जसरी, त्यसरी, जहिले, त्यही, जो , त्यो आदिले गर्दछ । जस्तै

- त्यो व्यक्ति महान हो, जो परोपकारी हुन्छ ।
- जब काफल पाक्छ, तब चरी नाच्छ ।
- तिमी जहाँ जान्छौ, म त्यही जान्छु ।

(ख) **अर्थका आधारमा वाक्यमा प्रकार**

अर्थका आधारमा वाक्यलाई सामान्यार्थ, आज्ञार्थ, सम्भावनार्थ प्रश्नार्थ, सङ्केतार्थ, इच्छार्थ, विस्मयार्थक गरी वर्गीकरण गरिएको पाइन्छ ।

(अ) **सामान्यार्थ वाक्य**

अभिव्यक्तिमा सामान्य मनोभाव प्रकट हुन्छ भने त्यसलाई सामान्यार्थ भनिन्छ । सामान्य भाव सामान्यार्थ क्रियापदबाट प्रकट हुन्छ । त्यस्तो क्रियापद वाक्यगत रूपमा आएमा सामान्यार्थ वाक्य बन्दछ (दाहाल र दाहाल, २०७०: ९०) । काम हुन्छ या हुदैन भन्ने निश्चित गर्ने भएकाले सामान्यार्थ वाक्यलाई निश्चयार्थ पनि भनिन्छ । धातुमा भूत, वर्तमान र भविष्यन् कालका सबै पक्षहरु जनाउने प्रत्यय लागि बनेका क्रियापदहरु नै सामान्यार्थ क्रियापद हुन् । जस्तै :

- श्याम पढ्छ ।
- श्याम पढ्दै थियो ।
- श्याम पढ्ने छ ।

(आ) **आज्ञार्थ वाक्य**

कुनै पनि काम गर्ने आदेश दिनुलाई आज्ञार्थ भनिन्छ (भट्टराई र ढुङ्गेल, २०७३: ९४) । यसबाट आज्ञा र अनुरोध बुझिन्छ ।

- तँ विद्यालयमा जा ।
- तपाई बजार जानुहोस् ।
- तिमी खुरु खुरु पढ ।

(इ) **सम्भावनार्थ वाक्य**

कुनै काम हुने वा नहुने सम्भावना व्यक्त गर्ने मनोभावलाई सम्भावनार्थक भनिन्छ (दाहाल र दाहाल, २०७०: ९१) । वाक्यको समापक क्रियापदको धातुमा उला/उली, औला/औली, लास्/लिस्, लान्/लिन् होला प्रत्यय लागि सम्भावनार्थक क्रियापद बन्दछ ।

जस्तै :

- म खाजा खाउँला ।
- हामी खाजा खाऔँला ।
- ऊ खाजा खाला ।

**(ई) प्रश्नार्थक**

केही कुरा जान्ने जिज्ञासा बोध हुने वाक्यलाई प्रश्नार्थक वाक्य भनिन्छ (भट्टराई र ढुङ्गेल, २०७३ : ३७) । यसको निर्माण प्रश्नबोध चिह्न (?) द्वारा हुन्छ । जस्तै

- गोकर्ण आयो ?
- तिमीले भात खायौ ?

**(उ) सङ्केतार्थ वाक्य**

एउटा कार्यका आधारमा अर्को काम हुने अवस्था सङ्केत गर्ने वाक्यलाई सङ्केतार्थ वाक्य भनिन्छ । अर्थात् कारण र कार्य जनाउने वाक्य सङ्केतार्थ हो संकेतार्थ वाक्यमा दुई ओटा क्रिया रहेका हुन्छन् । जसमध्ये पहिलोले कारण र दोस्रोले कार्य जनाउँछ । यिनलाई भने संयोजकले जोडिन्छ जस्तै

- पानी पऱ्यो भने शीतल हुन्छ ।
- तिमी आयौ भने म जाउँला ।
- तिमीले बोलायौ भने म आउँछु ।

**(उ) इच्छार्थ वाक्य**

वक्ता/लेखकको इच्छा जनाउने क्रियापद नै इच्छार्थ क्रियापद हो (दाहाल र दाहाल, २०७० : ९०) । इच्छार्थ क्रियापदको प्रयोग भएको वाक्य इच्छार्थ वाक्य हो । यसले इच्छा, अनुमति, प्रार्थना, आसिक, श्राप आदि भावलाई बुझाउँछ । धातुमा उँ, औँ, एस, ओस, उन, प्रत्ययहरु लागेर इच्छार्थ क्रिया बन्दछ, जस्तै :

- म घर जाऊँ ।
- तँ विद्यालय गएस् ।
- भगवानले सबैको रक्षा गरुन् ।

### (ए) विस्मयार्थक वाक्य

खुशी, आश्चर्य, घृणा, शोक आदि प्रकट गर्ने वाक्यार्थ विस्मयार्थक वाक्य भनिन्छ (भट्टराई र ढुङ्गेल, २०७३:९८) । यसमा विस्मयादिबोधक चिह्न (!) को प्रयोग गरिन्छ ।

- अहा ! कति राम्रो हिमाल छ ।
- छि ! कति फोहोरी केटो रहेछ ।
- थुक्क ! तेरो बुद्धि

## २.१.२ वाक्य गठनको परिचय

वाक्य भाषाको तल्लो एकाइबाट बनेको सबैभन्दा ठूलो एकाइ हो । यसमा एउटा अभिव्यक्तिको पूर्णता रहेको हुन्छ कथनको पूर्णता रहने भएकाले यसलाई सोपान क्रमिक आधारमा सबैभन्दा ठूलो एकाई मानिएको हो । अभिव्यक्तिको प्रमुख आधार वाक्य हो । भाषालाई विशुद्ध, शिष्ट, मिठास तथा स्तरीयता प्रदान गर्ने काम वाक्य गठनले गर्दछ (शर्मा र पौडेल, २०७० : ४०४) । संरचनावादले वर्ण, रूप, शब्द, पद, पदावली, उपवाक्य आदिका संयोजनबाट वाक्य बन्दछ भनेको पाइन्छ ।

कर्ता, कर्म र क्रियाको सहि सङ्गति मिल्नु नै वाक्य गठन हो । भाषाको अभिव्यक्ति स्पष्ट पार्न र भाषाको अर्थ प्रदान गर्न वाक्य गठनका विभिन्न पक्षहरुले प्रमुख भूमिका खेलेका हुन्छन् । लिङ्ग, वचन, पुरुष, आदर, काल, भाव, पक्ष, वाच्य आदि तत्त्वको प्रभावित नेपाली वाक्य गठनका विशेषताहरुले व्याकरणात्मक औपचारिकता मात्र पुरा गर्दैनन् । यसले भाषाको शिष्ट एवम् औचित्यपूर्ण प्रयोग पनि गर्दछ । वाक्य गठन वाक्यको आधारभूत तह हो । वाक्यका आधारभूत तत्त्व लिङ्ग, वचन, पुरुष आदर, काल, भाव, पक्ष वाच्य आदिलाई अलग-अलग रूपमा उपयुक्त प्रयोग योग्य बनाउनु नै वाक्य गठन हो ।

वाक्य गठनलाई भाषाशास्त्रको मुटुको रूपमा लिन सकिन्छ । भाषाको अभिव्यक्ति स्पष्ट पार्न र भाषाको अर्थ प्रदान गर्न वाक्य गठनका विभिन्न पक्षहरुले प्रमुख भूमिका खेलेको हुन्छ । भाषा मानव जातिले आजसम्म गरेका आविष्कारहरु सबैभन्दा महत्त्वपूर्ण आविष्कार हो । भाषाकै माध्यमबाट मानवले आफ्ना विचार आदान प्रदान गर्छन ।

### २.१.३ वाक्य गठनका पक्षहरु

'वाक्य गठन अन्तर्गत नाम सर्वनाम, विशेषण, क्रियापद र क्रियायोगी, नामयोगी, संयोजक, विस्मयादिबोधक, आदि पदवर्गका साथै वचन, लिङ्ग, पुरुष, काल, पक्ष, भाव वाच्य आदि पर्दछन् । पदवर्गकै आधारमा लिङ्ग, वचन, कारक आदि रूपायन हुने भएकाले यी सबै समूहलाई एकै समूहमा राख्नु पर्दछ ।' उक्त भनाइमा जे सुकै उल्लेख भए तापनि पदवर्गले वाक्य गठनको आश्रय नलिई व्यारकणात्मक कार्य सम्पन्न गर्न सक्दैनन् । यी दुवैको प्रकृति पनि बेग्लाबेग्लै भएकाले एकै वर्गमा राख्न युक्ति सङ्गत देखिदैन । त्यसै गरी ढकालले रूपायन कोटि भनेर लिङ्ग, वचन, पुरुष, आदर, कारक, भाव, पक्ष, वाच्य, करण-अकरण आदिलाई मानेका छन् । नेपालीमा वाक्य गठनका पक्षहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

### १. लिङ्ग

स्त्री वा पुरुष छुट्याउने विभेदक चिह्नित पदहरु नै लिङ्ग हुन (भट्टराई र ढुङ्गेल, २०७३: ५९) लिङ्गले जातिलाई बुझाउँछ । भाले र पोथी बुझाउने व्याकरणात्मक कोटिलाई लिङ्ग भनिन्छ । नेपाली भाषा र अङ्ग्रेजी भाषामा लिङ्गलाई, पुलिङ्ग र स्त्रीलिङ्ग गरी दुई किसिमले हेरिन्छ भने संस्कृतमा पुलिङ्ग, स्त्री लिङ्ग र नपुंसक लिङ्ग गरी तिन प्रकारमा उल्लेख गरेको पाइन्छ । लिङ्ग नामसँग सम्बद्ध व्याकरणात्मक कोटिको धारा हो । नेपाली भाषामा वाक्यको लिङ्गगत विविधता मानवीय वस्तुका लागि मात्र प्रयोग गरेको पाइन्छ भने अमानवीय वस्तुलाई पुलिङ्गी क्रियाको प्रयोग गरेको पाइन्छ । वाक्यमा कर्ता पुलिङ्ग वा स्त्रीलिङ्ग भएमा त्यहीअनुरूप क्रियापदका रूपहरुसँग सङ्गति मिलाउनु पर्दछ, अन्यथा लिङ्गगत त्रुटि हुन जान्छ । लिङ्गको अभिव्यक्ति नाम, विशेषण र क्रियापदमा हुन्छ । लिङ्ग सम्बन्धी केही उदाहरणहरु निम्न छन् :

क) अग्लो केटो खेल्दै छ ।

ख) अग्ली केटी खेल्दै छे ।

ग) राम भात खान्छ ।

घ) सीता भात खान्छे ।

माथिको (क) वाक्यमा पुलिङ्ग जनाउनका लागि 'केटो' (नाम) 'अग्लो' (विशेषण) र 'खेल्दै छ' (क्रियापद) आएका छन् भने (ख) वाक्यमा स्त्रीलिङ्ग जनाउनका लागि 'केटी' (नाम) 'अग्ली' (विशेषण) र 'खेल्दैछे' (क्रियापद) को प्रयोग गरिएको छ ।

## २. वचन

एक वा एक भन्दा बढी सङ्ख्या बुझाउने शब्दलाई वचन भनिन्छ (अधिकारी: २०७१: ८०) । वचन सङ्ख्यासँग सम्बन्धित वाक्य गठनको महत्त्वपूर्ण पक्ष हो । वचनको अभिव्यक्तिमा क्रियापदको अहम् भूमिका रहन्छ । वाक्यमा वचन अनुसारको क्रियापदको प्रयोग गर्नुपर्दछ । नेपाली, हिन्दी र अङ्ग्रेजी भाषामा एक वचन र बहुवचन गरी दुई प्रकारका छन् । एउटा वस्तुलाई सङ्केत गर्ने पदलाई एक वचन भनिन्छ भने एक भन्दा बढी वस्तुलाई सङ्केत गर्ने पदलाई बहु वचन भनिन्छ (भट्टराई र ढुङ्गेल, २०७३: ५३) । त्यसैले एक वा एक भन्दा बढीको बोध गराउने पदहरु नै वचन हुन् । नेपालीमा वचन सम्बन्धी केही उदाहरणहरु निम्न छन्:

क) म घर जान्छु ।

ख) हामी घर जान्छौं ।

ग) उसले पाकेको आँप केटालाई दियो ।

घ) उनीहरुले पाकेको आँप केटाहरुलाई दिए ।

प्रस्तुत वाक्यमा क) मा 'म' (सर्वनाम), 'घर' (नाम) 'जान्छु' (क्रियापद) एक वचनमा छन भने वाक्य ख) 'हामी' (सर्वनाम) 'घर' (नाम) 'जान्छौं' कियापद बहु वचनमा छन् । वाक्य (ग) मा 'उसले' (सर्वनाम) 'पाकेको' (विशेषण), आँप (नाम), 'केटालाई' नाम 'दियो' (क्रियापद) एक वचनमा छन् भने वाक्य (घ) मा 'उनीहरुले' (सर्वनाम), 'पाकेको' (विशेषण), 'आँप' (नाम) 'केटाहरुलाई' (नाम) 'दिए' (क्रियापद) बहु वचन छन् ।

## ३. पुरुष

पुरुषले व्यक्तिलाई बुझाउँछ । यो सर्वनाम र क्रियासँग सम्बद्ध कोटि हो । यसले वक्ता (बोल्ने व्यक्ति) स्रोता (सुन्ने व्यक्ति) र विषय (अन्य व्यक्ति वा वस्तु) लाई निर्देश गर्दछ (ढुङ्गेल र भट्टराई, २०७३: ६४) । नेपाली भाषामा पुरुषलाई प्रथम पुरुष, द्वितीय पुरुष र तृतीय पुरुष गरी ३ प्रकारका पुरुष रहेको छन् । नेपाली भाषामा जसले बोल्छ त्यो

प्रथम पुरुष, जसले सुन्छ, द्वितीय पुरुष र जसको बारेमा कुरा गरिन्छ । त्यो तृतीय पुरुष हो । प्रथम, द्वितीय र तृतीय पुरुषका उदाहरण निम्न छन् :

क) म घर जान्छु । हामी घर जान्छौँ । (प्रथम पुरुष)

ख) तँ घर जान्छस् । तिमीहरु घर जान्छौँ । (द्वितीय पुरुष)

ग) उ घर जान्छ । उनीहरु घर जान्छन् । (तृतीय पुरुष)

माथिका वाक्यमा क) ले वक्तालाई बुझाएकाले प्रथम पुरुषमा छ । (ख) ले श्रोतालाई बुझाएकाले द्वितीय पुरुषमा छ भने (ग) ले अन्य व्यक्ति वा वस्तुलाई बुझाएकाले तृतीय पुरुषमा छ ।

## ४. आदर

वाक्य गठनका विभिन्न पक्षहरु मध्ये आदर पनि एक हो । कुनै पनि व्यक्तिलाई सम्मान प्रकट गर्न गरिने पद वा वाक्यलाई आदर भनिन्छ (दाहाल र दाहाल, २०७० : ७६-७७) । आदर नाम, सर्वनाम र क्रियापदबाट अभिव्यक्त हुन्छ । नेपालीमा द्वितीय तथा तृतीय पुरुषका सर्वनाम तथा सर्वनामसँग आउने क्रियापदमा आदरगत भेद देखिन्छ । आदरलाई चार प्रकारमा वर्गीकरण गरिएको पाइन्छ । जस्तै :

निम्न आदर : तँ भात खान्छेस् ।

मध्यम आदर : तिमी भविष्यमा राम्रो बन्छौ ।

उच्च आदर : तपाईं/हजुर धेरै राम्रो नृत्य गर्नु हुन्छ ।

अति उच्च आदर : हजुर घर गइबक्सियोस् ।

## ५. काल

क्रियाको समयलाई काल भनिन्छ (भट्टराई र ढुङ्गेल, २०७३: ६८) । समयको बोध गराउने व्याकरणिक कोटिलाई काल भनिन्छ । कर्ताले गरेको काम घटनाको समयलाई सङ्केत गर्ने कोटि नै काल हो । व्याकरणमा कालले क्रियाका सङ्केत गर्ने समय बुझाउँछ (श्रेष्ठ र अन्य, २०७२: ३६-३७) । नेपालीमा काललाई भूतकाल, वर्तमान काल र भविष्यत् काल गरी तिन तथा भूतकाल र अभूत काल गरी दुई प्रकारमा विभाजन गरिएको छ । कुनै पनि घटना वा कार्य व्यापार कथन समय भन्दा पहिले नै भइसकेको छ भन्ने कुरालाई निर्देश

गर्ने क्रियापदलाई भूतकाल भनिन्छ (भट्टराई र ढङ्गेल, २०७३, ६९) । यसले वितेको समयलाई बुझाउँछ । कथन समय भन्दा पछि हुने वा हुँदै गरेको क्रियाको समयलाई अभूत काल भनिन्छ (भट्टराई र ढुङ्गेल, २०७३: ७०) । यसलाई वर्तमान र भविष्यत् गरी दुई काल खण्डमा विभाजन हुन्छ ।

**क) भूतकाल**

पहिलेको समयलाई जनाउने क्रियाको रूप भूतकाल हो । भूतकालले क्रियाको कार्य व्यापार पहिले नै वा वितिसकेको समयमा सम्पन्न भइसकेको कुरालाई जनाउँछ । भूत कालका क्रियापद निर्माण गर्दा धातुमा एँ, यौं, इज्, यौ, यो, ए, ई, इन जस्ता कालिक प्रत्यय जोडिन्छन् । जस्तै :

हामीले खाजा खायौं ।

बगैँचामा थुप्रै मानिस थिए ।

**ख) वर्तमान काल**

अहिले भइरहेको समयलाई वर्तमान काल भनिन्छ (भट्राई र ढुङ्गेल, २०७३ : ७०) । कुनै पनि कार्य व्यापार प्रारम्भ हुन लागेको वा प्रारम्भ भई समाप्त भइ नसकेको समयलाई वर्तमान कालले सङ्केत गर्दछ । अहिलेको काम र अवस्थालाई बुझाउँछ । वर्तमान कालका क्रियापदहरु निर्माण गर्दा धातुमा 'छु', 'छौं', 'छस्', 'छेस', 'छ', 'छे', 'छन्' जस्ता प्रत्ययहरु जोडिन्छन् ।

म खाजा खान्छु ।
बगैँचामा थुप्रै मानिस छन् ।

**ग) भविष्यत् काल**

कुनै पनि घटना या कार्य व्यापार कथन समय भन्दा पछि हुने वा आउने कुराको निर्देश गर्ने क्रियापदलाई भविष्यत् काल भनिन्छ (भट्टराई र ढुङ्गेल, २०७३: ७३) । यसले आउने समयको काम वा अवस्थालाई बुझाउँछ । भविष्यत् कालको क्रियापद निर्माण गर्दा धातुमा ने छु, ने, छन्, ने छौं, ने छस्, ने छौं, ने छिन जस्ता प्रत्ययहरु जोडिन्छन् । जस्तै :

म खाजा खाने छु ।
बगैँचामा थुप्रै मानिस हुने छन् ।

## ६. पक्ष

कुनै पनि समय वा कालमा भएका कामको अवस्थालाई पक्ष भनिन्छ (अधिकारी, २०७१: १२३) । पक्षले काम हुँदै गरेको सकिएको वा कस्तो स्थितिमा रहेको छ भन्ने जानकारी दिन्छ । पक्षले कामसँग सम्बन्धित रहेर कामको अवस्थालाई बुझाउँछ । काल भनेको सिङ्गो समयको विभाजन हो भने पक्ष भनेको त्यस समयभित्र घटित कार्यको स्थिति वा अवधि हो । पक्षले काललाई सुक्ष्म रूपमा प्रस्तुत गर्दछ । वर्तमान काल र भविष्यत् कालका तिन वटा (सामान्य, अपूर्ण र पूर्ण) पक्षहरु तथा भूत कालका पाँच वटा (सामान्य, अपूर्ण पूर्ण, अज्ञात र अभ्यस्त) पक्षहरु छन् ।

### सामान्य पक्ष

क्रियापदले सामान्य रूपमा कार्य गरेको बुभाएमा सामान्य पक्ष हुन्छ । सामान्य पक्ष भूत, वर्तमान र भविष्यत् गरी ३ प्रकारमा हुन्छ ।

सामान्य भूत- हरि घर गयो ।

सामान्य वर्तमान- हरि घर जान्छ ।

सामान्य भविष्यत्- हरि घर जाने छ ।

### अपूर्ण पक्ष

अपूर्ण पक्षले कुनै पनि समयमा कार्य सुरु भई जारी रहेको र पुरा नभएको भन्ने जनाउँछ यसले कार्यको अपूर्ण अवस्थालाई सुचित गर्छ (भट्टराई र ढङ्गेल, २०७३ : ७८) । काम भइरहेको तर हुन बाँकी रहेको अवस्था सङ्केत गर्ने पक्षलाई अपूर्ण पक्ष भनिन्छ । अपूर्ण भूत वर्तमान त भविष्यत् तिनै कालमा हुन्छ । धातुमा तै/दै जोडिनु यसको प्रमुख विशेषता हो ।

अपूर्ण भूतकाल - हरि घर जाँदै थियो ।

अपूर्ण वर्तमान काल- हरि घर जाँदै छ ।

अपूर्ण भविष्यत् - हरि घर जाँदै हुनेछ ।

**पूर्ण पक्ष**

पूर्ण पक्षले कुनै पनि कार्य पुरा भइसकेको भन्ने बुझाउँछ । अतः यसले कार्यको पूर्ण अवस्थालाई सुचित गर्छ । धातुमा एको/एकी/ एका का साथ 'थि' र 'छ' का रूपहरु जोडिन्छन् । पूर्ण पक्षमा भूत, वर्तमान र भविष्यत् तिनै वटा काल हुन्छन् ।

पूर्ण भूतकाल- हरि घर गएको थियो ।

पूर्ण वर्तमान काल- हरि घर गएको छ ।

पूर्ण भविष्यत् काल- हरि घर गएको हुने छ ।

**अज्ञात पक्ष**

कुनै पनि कार्य वितेको समयमा भई अज्ञात रहेको र वर्तमान समयमा आएर थाहा पाएको अवस्थालाई अज्ञात पक्षले जनाउँछ । अज्ञात भूत काल मात्र हुन्छ ।

जस्तै : मैले बासी खाना खाएछु ।

**अभ्यस्त पक्ष**

बितेको समयमा कुनै काम वा कुरामा बानी परेको र अहिले स्मरण हुने धारणा सन्दर्भ बुझाउने भूतकालको पक्षलाई अभ्यस्त भूत भनिन्छ ।

जस्तै : म बासी खाना खान्थेँ ।

**७. भाव/अर्थ**

क्रियाद्वारा अभिव्यक्त वक्ताको मनसाय वा अभिव्यक्तिलाई भाव वा अर्थ भनिन्छ । अभिव्यक्तिको आशयलाई भाव भनिन्छ । वक्ता लेखकको अभिव्यक्तिको अर्थ वा मनोभाव वाक्यमा क्रियापदले व्यक्त गर्दछ (शर्मा र पौडेल, २०७०: ४९०) । त्यसैले यसलाई क्रियाको भाव भनिएको हो । क्रियापदले जनाउने भावमा वक्ता वा लेखकका सामान्य, आज्ञा, इच्छा, सम्भावना सङ्केत, प्रश्नार्थक जस्ता मनसाय व्यक्त हुन्छन् ।

जस्तै :

तिमी कथा पढ्दै छौ । (सामान्यार्थ)

तिमी कथा पढ् । (आज्ञार्थ)

तिमी कथा पढे । (इच्छार्थ)

तिमी कथा पढौला । (सम्भावनार्थ)

तिमी कथा पढेमा राम्रो हुन्छ । ( सङ्केतार्थ)

तिमी कथा पढ्छौं ? (प्रश्नार्थक)

## ८. वाच्य

वाक्यमा कर्ता, कर्म र भाव मध्ये कुनै एक प्रमुख हुने व्याकरणात्मक कोटिलाई वाच्य भनिन्छ (श्रेष्ठ र अन्य, २०७२: ५७) । क्रियाको कर्ता, कर्म र भावलाई जनाउने व्याकरणात्मक कोटि वाच्य हो । यसले वाक्यमा नामिक पद र क्रियाको सम्बन्धलाई जनाउँछ । वाक्यमा कर्ता कर्म तथा क्रियाको प्रधान्य रहन्छ । यसै आधारमा वाच्य कर्तृ, कर्म र भाव गरी तिन किसिमका हुन्छन् ।

### कर्तृ वाच्य

वाक्यमा कर्ता प्रधान हुने वा कर्ता अनुसार क्रियाका लिङ्ग, वचन, पुरुष, आदर भई कर्ता र क्रियाका बिचमा पद सङ्गति हुने वाच्य कर्तृवाच्य हो । यो सकर्मक र अकर्मक दुबै क्रियाबाट बन्दछ । जस्तै :

म भात खान्छु ।

म घर गएँ ।

### कर्म वाच्य

वाक्यमा कर्म प्रधान हुने कर्मका अनुसार लिङ्ग वचन आदर पुरुष भई कर्म र क्रियाका बिचमा पद सङ्गति हुने वाच्य कर्म वाच्य हो । यो सकर्मक क्रियाबाट मात्र बन्दछ । जस्तै :

शिक्षकबाट विद्यार्थीलाई पढाइयो ।

### भाव वाच्य

वाक्यमा भाव प्रधान हुने र क्रियामै अर्थ केन्द्रित रहने वाच्य भाव वाक्य हो । यो प्राय अकर्मक क्रियाबाट बन्दछ ।

केटीलाई देखियो ।

## ९. ध्रुवीयता (करण-अकरण)

वाक्यले सकारात्मक अर्थ दिन्छ भने कारण वाक्य भनिन्छ । वाक्यले नकारात्मक अर्थ दिन्छ भने अकरण वाक्य भनिन्छ । करण र अकरण क्रियापदसँग सम्बन्धित व्याकरणात्मक कोटि भएकाले वाक्यमा यसलाई समापक क्रियापदद्‌वारा पहिचान गरिन्छ (दाहाल र दाहाल, २०७०: १०३) । करण र अकरणलाई एउटै शब्दमा व्यक्त गर्न व्याकरणमा ध्रुवीयता शब्दको प्रयोग गरिन्छ । हो, हुन्छ, भयो आदि सकारात्मक वाक्य करण र होइन, हुँदैन, भएन आदि नकारात्मक अर्थ दिने अकरण वाक्य हुन्छ, जस्तै

रबिना घर जान्छ (करण)

रबिना घर जाँदैन । (अकरण)

सुरेश आज स्कुल गएछ । (करण)

सुरेश आज स्कुल गएनछ । (अकरण)

## २.१.४ वाक्य गठन सम्बन्धी त्रुटि क्षेत्र

वाक्य गठन गर्दा विद्‌यार्थीहरुले विभिन्न प्रकारका त्रुटिहरु गर्ने गरेको पाइन्छ । ती त्रुटिहरु कतिपय मातृभाषाको प्रभावले, कतिपय वातावरणको प्रभावले, कतिपय गलत कुराको अनुकरणको प्रभावले, कतिपय गलत सामान्यीकरणका प्रभावले र कतिपय गलत सामान्यीकरणका प्रभावले कतिपय आफ्नो हेलचेक्र्याई र असचेतताका कारणले पनि हुन सक्छन् । वाक्य गठन सम्बन्धी त्रुटिहरु लिपिजनित, पदावलीगत, अर्थगत उच्चारणजनित, वर्ण विन्यास जनित, रूप विन्यास जनित तथा सङ्कथनगत त्रुटिहरुले पनि उत्तिकै प्रभावित भएका पाइन्छन् (शर्मा र पौडेल, २०७०: ४०६) । त्यस्तै अपूर्ण सिकाइ, बढी सरलीकरण गरेर प्रयोग गर्न खोज्ने प्रवृत्ति, कतिपय वर्ण लोप वा शब्द लोप गर्ने प्रवृत्ति आदिले कुनै न कुनै रूपमा वाक्य रचना प्रभावित भइरहेको हुन्छ । वाक्य रचनाको क्षेत्रमा देखा पर्ने त्रुटि क्षेत्रलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

### (क) सङ्गति सम्बन्धी त्रुटि

कर्ता र क्रियापदका बिचमा वचन, लिङ्ग, पुरुष र आदरको सङ्गति नमिल्नु, विशेषण र विशेष्यका बिचमा सङ्गति नमिल्नु र अन्य विविध सङ्गति नमिल्नु जस्ता त्रुटिहरुलाई यस अन्तर्गत राख्न सकिन्छ । जस्तैः

केटाहरु सोभ्रmो छन् ।

भाई आजै आई ।

हामीहरु थोरै मात्र पढेको छन् ।

तपाईंहरु राम्ररी ध्यान दिएर पढ्दैनौ ।

सेतो फुलहरु फुल्यो ।

**(ख) वाच्यको अन्विति सम्बन्धी त्रुटि**

यस्ता त्रुटिहरु कर्तृवाच्यका कर्तामा अनावश्यक रूपले 'द्वारा', 'बाट' जस्ता नामयोगीहरु जोड्नु अनि कर्म र भाव वाच्यका क्रियापदलाई कर्तृप्रधान बनाएर प्रस्तुत गर्नु जस्ता त्रुटिका रूपमा देखिन्छन् । जस्तैः

मद्वारा भात खाएँ ।

मातृशिशु योजनाद्वारा खोप कार्यक्रम चलाएको छ ।

**(ग) पदक्रम सम्बन्धी त्रुटि**

यस्ता त्रुटिहरु शब्दको क्रम विगार्नाले हुने अर्थात् शब्दक्रम फरक पर्नाले एउटा अर्थको आशय विग्रेर अर्कै आशय तयार हुने त्रुटिहरु पर्दछन् । जस्तैः

प्रहरीले रक्सीले मातेर हिँडेको मान्छेलाई पक्रियो ।

(हुनुपर्ने : रक्सीले मातेर हिँडेको मान्छेलाई प्रहरीले पक्रियो ।)

डल्ली दाइकी बहिनी पनि छ ।

(हुनु पर्ने : दाइकी बहिनी पनि डल्ली छ ।)

**(घ) वाक्य संश्लेषण र विश्लेषण सम्बन्धी त्रुटि**

यस्ता त्रुटिभित्र वाक्यलाई टुक्र्याएर धेरै वाक्य बनाउँदा वा धेरै वाक्यहरुलाई जोडेर एउटै वाक्य बनाउँदा हुने त्रुटिहरु पर्दछन् । सङ्गति बिगार्ने, सर्वनाम वा नामको छनोट र प्रयोग उपयुक्त नहुने, काल, पक्ष, भाव जस्ता कुराहरु बिगार्ने जस्ता विविध त्रुटिहरु देखिन्छन् । जस्तैः

संश्लेषित वाक्य : आउँदै गरेको मान्छे श्यामको दाजु हो ।

विश्लेषण : श्यामको दाजु आउँदै छ, त्यो श्यामको दाजु हो ।

(हुनु पर्ने : मान्छे आउँदै छ; त्यो श्यामको दाजु हो ।)

**(ङ) वाक्यान्तरण सम्बन्धी त्रुटि**

एक प्रकारको वाक्यलाई अर्को प्रकारको वाक्यमा परिवर्तन गर्दा हुने त्रुटिहरु यस अन्तर्गत पर्दछन् । यस्ता त्रुटिमा पनि सङ्गति नमिल्ने, काल, पक्ष, भाव, आदि नमिल्ने र अन्य विविध खाले त्रुटिहरु पर्दछन् । जस्तैः

रामले भन्यो, “बुबा मलाई एउटा राम्रो झोला ल्याई दिनु होस् न ।”

(अप्रत्यक्ष कथनमा परिवर्तन गर्नुपर्ने)

रामले बुबालाई राम्रो झोला ल्याइ दिनु भन्यो ।

(हुनु पर्ने : हरिले बुबासँग आफूलाई एउटा राम्रो झोला ल्याइ दिन अनुरोध गऱ्यो ।)

**(च) अन्य विविध त्रुटि**

यस भित्र वचन क्रम नमिलेका, अर्थमा विरोधाभास भएका उपयुक्त शब्द छनोट हुन नसकेको, चिह्न प्रयोग नमिलेको, अपूर्णता जस्ता विविध प्रकारका त्रुटिहरुलाई राख्न सकिन्छ । जस्तैः

ऊ, म र तँ गयौं ।

एक जना बाँदर उफ्रयो ।

उसको नाम श्याम बहादुर छ ।

**२.१.५ वाक्य गठन शिक्षणलाई प्रभावकारी बनाउने तरिका**

वाक्य गठन शिक्षणलाई प्रभावकारी बनाउने विभिन्न किसिमका तरिकाहरु अपनाउन सकिन्छ । ती मध्ये निम्न लिखित तरिकाहरु बढी उपयुक्त मानिन्छन् ।

**(क) शिक्षणीय वाक्य ढाँचाहरुको पहिचान**

सर्वप्रथम विद्यार्थीहरुको भाषिक स्तर र आवश्यकता अनुसारको वाक्य संरचना पहिचान गर्नु पर्छ । यसरी वाक्य ढाँचाको पहिचान गरी त्यसका लागि तात्विक भूमिका खेल्ने

व्याकरणिक कोटि लिङ्ग, वचन, पुरुष, आदर सङ्गति आदिबारे विद्यार्थीहरुमा ज्ञान भए नभएको पहिल्याउनु पर्छ । त्यस्तै विद्यार्थीहरुमा काल, पक्ष, भाव, वाच्य, करण, अकरण आदि वाक्य तत्त्वको प्रयोग स्थितिबारे पनि जानकारी लिनु पर्छ । विद्यार्थीहरुममा भएका आवश्यक सिपबारे ज्ञान पहिचान गरी सचेतता पूर्वक स्तर अनुरूप वाक्य गठन विन्दु पत्ता लगाउनु पर्छ । विद्यार्थीहरुलाई आवश्यक पर्ने वाक्यात्मक ढाँचा र वाक्य तत्त्वको पहिचान गरेपछि विद्यार्थीहरुलाई उदाहरण सहित वाक्यात्मक संरचना ढाँचा पहिचानमा अभ्यास गराउनु पर्छ (पौडेल, २०७० : १२४) । वाक्य ढाँचा पहिचानका लागि प्रशस्त कक्षाकार्य र गृहकार्य  गराउनु पर्छ । स्तर र आवश्यकता अनुसार वाक्यको संरचनाबारे प्रशस्त अभ्यास गराई उपयुक्त वाक्य ढाँचा पहिचान गराउनु पर्छ ।

**(ख) प्रयोग सन्दर्भहरुको छनोट**

शिक्षणीय वाक्य ढाँचाहरुको पहिचान पछि तिनलाई के कस्तो सन्दर्भमा प्रयोग गर्न सकिन्छ अथवा कस्ता भाषिक सन्दर्भहरु सिकाउने हो, त्यसको छनोट गरी अभ्यास गराउनु पर्छ । भाषा प्रयोगका लागि आवश्यक हुने प्रकार्यात्मक वा सम्प्रेषणात्मक ढङ्गका आदेश, अनुरोध, प्रश्न, आज्ञा, इच्छा, माग, औपचारिक, अनौपचारिक प्रसङ्ग र विषय वस्तुका प्रयोजनीय आवश्यकता र प्रकृति अनुरूपका सरल, जटिल र शैली संरचना सम्बन्धी वाक्य नमुनाहरुको छनोट गरी उदाहरण सहित शिक्षण गर्नु पर्छ, प्रशस्त प्रयोग अभ्यास, कक्षाकार्य र गृहकार्य गराउनु पर्छ (पौडेल, २०७० : १२५) । आवश्यकता अनुसारका प्रयोग सन्दर्भहरु भएका वाक्य ढाँचाहरुका आवश्यक सामग्री उपलब्ध गराई तत् सम्बन्धी आवश्यक निर्देशन दिई पढ्न र अनुकरण गर्न प्रोत्साहित गर्नु पर्छ ।

**(ग) प्रयोग सन्दर्भ अनुकूल वाक्य ढाँचा रचनाको अभ्यास**

प्रयोग सन्दर्भहरुको छनोट र त्यसको प्रारम्भिक अभ्यासपछि विभिन्न सान्दर्भिक वाक्य ढाँचाहरुमा सम्बन्धित नमुना अभ्यासहरु छनोट गरेर सोही अनुरूपका वाक्य गठन गर्न अभ्यास गराउनु पर्छ । अभ्यासका क्रममा विद्यार्थीहरुले त्रुटि गर्न सक्छन् त्यस्तो अवस्थामा त्रुटिहरुको आवश्यक निर्देशन गरी सही ढङ्गका वाक्य रचना गर्न, प्रोत्साहित गर्नु पर्छ । प्रतियोगितात्मक अभ्यास गराउनु पर्छ, सन्दर्भ अनुकूलका वाक्य ढाँचाको रचना गर्नका लागि प्रशस्त कक्षाकार्य र गृहकार्य गराउनु पर्छ ।

### (घ) निर्धारित वाक्य ढाँचा अनुरूप अनुच्छेद लेखन अभ्यास

विद्यार्थीहरुलाई निर्धारित वाक्य ढाँचाका प्रशस्त नमुना उपलब्ध गराएर सोही अनुरूपका वाक्य रचना गरी अनुच्छेद लेख्ने अभ्यास गराउनु पर्छ । यसका निम्ति कुनै शीर्षक दिई अनुच्छेद लेख्न लगाइन्छ । यस्तो अनुच्छेद लेखन अभयास गराउँदा शिक्षकले अवलोकन र निरीक्षण गरि रहनु पर्छ, गल्तीहरु निर्देश गरि दिनु पर्छ । कक्षाकार्य बाहेक पर्याप्त गृहकार्य दिएर अभ्यासमा प्रोत्साहित गरि रहनु पर्छ । प्रयोग सन्दर्भका रूपमा लिङ्ग, वचन, पुरुष, आदर,काल, भाव, पक्ष आदिको प्रयोगलाई उपयोग गर्न सकिन्छ र तिनै सन्दर्भका ढाँचामा निर्देशित र स्वतन्त्र किसिमका अनुच्छेद लेख्न अभ्यास गराउनु पर्छ (पौडेल, २०७० : १२५) । सरल, संयुक्त र मिश्र वाक्यका ढाँचामा संवाद वा अनुच्छेद लेखनमा अभ्यास गराउन यसका निम्ति घटना वर्णन, कार्य वर्णन तथा अन्य सन्दर्भहरुलाई पनि उपयोग गर्न सकिन्छ ।

यसरी वाक्य गठन शिक्षणका लागि विभिन्न कार्यकलापहरु अपनाउन सकिन्छ । उपर्युक्त प्रमुख कार्यकलाप बाहेक अन्य आवश्यक कार्यकलापहरु पनि परिस्थिति अनुसार उपयोग गर्न शिक्षकले ध्यान दिइ रहनु पर्छ ।

### २.१.६ वाक्य गठन सम्बन्धी अध्ययनको आवश्यकता

वाक्य गठन वाक्यको अधारभूत तहको शिक्षण भएकाले वाक्यका आधारभूत पक्षहरु लिङ्ग, वचन, पुरुष, आदर काल, पक्ष, वाच्य आदिलाई अलग-अलग शिक्षण गर्नु पर्दछ । वाक्य गठन विद्यार्थीहरुको स्तरयुक्त र उपयुक्तताको पहिचान गराउने एउटा महत्त्वपूर्ण पक्ष हो । यो विद्यार्थीको पूर्व शैक्षिक अनुभव र ज्ञानसँग सम्बन्धित हुन्छ । त्यसैले दैनिक जीवनका भाषिक व्यवहारमा उपयुक्त ढङ्गले वाक्यको प्रयोग गर्न सक्ने हुनु आवश्यक छ ।

शब्दहरुको जीवन्त तत्त्व नै व्याकरणिक कोटि हो । व्याकरणिक कोटिका आधारमा शब्दहरुले आफ्नो कार्य सम्पन्न गर्दछ । शब्दलाई निश्चित बाटोमा लैजानका लागि अर्थ वा वाक्यात्मक क्रममा समेत सङ्गति ल्याई भाषालाई सरल, सुबोध र सहज बनाउनु पनि वाक्य गठनको प्रमुख कार्य हो । कुनै शब्दको अर्थलाई स्पष्ट, सुबोध, सटिक र सक्रिय तुल्याउनका लागि पनि यसको भूमिका अतुलनीय रहेको पाइन्छ । वाक्य गठनका आधारभूत कुरा प्रति सचेत गराउन र विद्यार्थीहरुले वातावरणबाट सिकेका भाषाहरुमा पाइने त्रुटिहरुको निराकरण गर्न भाषाको शिष्ट प्रसङ्गानुकुल प्रयोग र सौन्दर्य खलबलिन नदिन भाषाका विशेषता लिङ्ग वचन, आदर, पुरुष, काल, भाव पक्ष र वाच्य पहिल्याउन वाक्य

गठनको आवश्यकता पर्दछ । विशुद्ध, विष्ट स्तरीय र शैली सौन्दर्यपूर्ण वाक्य रचना सिकी सान्दर्भिक सम्प्रेषण गर्ने र वर्णन, व्याख्या, विवेचना विश्लेषण, मूल्याङ्कन समीक्षा र सिर्जनात्मक अभिव्यक्ति कला हासिल गर्ने क्षमता वाक्य गठनले दिलाउँछ ।

वाक्य गठनले सिकाइलाई परिपक्क बनाउँछ । किनकी भाषा असीमित व्यवस्थाहरुको व्यवस्था हो । भाषाका सबै शब्दहरु पाठ्य पुस्तकमा समावेश गर्न सकिँदैन । विद्यार्थीहरुको क्षमता, रुचि र पूर्व ज्ञानको आधारमा यसको निर्धारण गरिन्छ । भाषालाई आदान र प्रदान गत दृष्टिले अर्थपूर्ण आशयपूर्ण, प्रभावकारी र सोही अनुरूप वाक्यको उपयोग गर्ने सिप हासिल गराउन वाक्य गठन क्षमताको बृद्धि गर्नु भाषा शिक्षणको अपरिहार्य कार्य हो । वाक्य गठन शिक्षणको आवश्यकता निम्नानुसार छ :

- वाक्य गठनका आधारभूत कुराहरु प्रति जानकारी गराउनु,
- विद्यार्थीहरुले आफ्नो वातावरणबाट सिकेका भाषामा पाइने कमजोरी निराकरण गर्नु,
- शिष्ट र औचित्यपूर्ण भाषाको प्रयोग गर्नु गराउनु,
- भाषाको प्रभावकारिता तथा सौन्दर्य खलबलिन नदिनु,
- वाक्यमा पाइने अशुद्धि निराकरण गर्नु,
- वाक्य गठनका आधारभूत पक्षहरु लिङ्ग, वचन, पुरुष, काल, पक्ष, भाव, आदिको बारेमा जानकारी प्रदान गर्नु,
- वाक्य गठन कुनै पनि भाषाका आधारभूत पक्ष भएकाले त्यसमा सचेत तुल्याई मानक एवम् स्तरयुक्त भाषिक अभिव्यक्तिमा अभ्यस्त गराउनु,
- क्रमबद्ध र शृङ्खलायुक्त वाक्य रचना गरी प्रभावकारी प्रकरण र सङ्कथनका विशेषता द्वारा आफ्ना अभिव्यक्ति प्रस्तुत गरी लेख्न सक्षम तुल्याउनु,
- विभिन्न वाक्यात्मक तत्त्वहरुलाई सङ्गतिपूर्ण ढङ्गले आत्मसात गरी आधारभूत एवम् विशिष्ट प्रकारका वाक्यहरु निर्माण, संयोजन, खण्डीकरण, विश्लेषण र संश्लेषण गर्न सक्षम तुल्याउनु,
- वाक्य गठन शिक्षकले आवश्यक सिप सिकाइ भाषिक, अभिव्यक्तिको सबलता प्रापत गराई व्यक्तित्व विकासमा मद्दत पुऱ्याउनु आदि ।

# अध्याय तिन

# अध्ययन विधि

प्रस्तुत अध्ययन तयार गर्दा कहाँ जाने के -के गर्ने कसरी तथ्याङ्क सङ्कलन गर्ने, जनसङ्ख्या कति हुने, नमुना छनोट कति गर्ने, छनोट गरिएका नमुनाको परीक्षण कसरी गर्ने, के कस्ता साधनहरु प्रयोग गर्ने, कुन आधारमा विश्लेषण गर्ने जस्ता कुराहरु पत्ता लगाउनका लागि निम्नानुसारका विधि तथा प्रक्रियाहरु अवलम्बन गरिएका छन् ।

## ३.१ जनसङ्ख्याको पहिचान

प्रस्तुत अध्ययन कैलाली जिल्लाका १० ओटा विद्यालयका कक्षा छमा अध्ययनरत ८० जना विद्यार्थीहरुलाई जनसङ्ख्याको रूपमा लिइएको छ । जस अन्तर्गत ४० सामुदायिक र ४० संस्थागत विद्यालयका विद्यार्थीहरु समावेश गरिएका छन् ।

## ३.२ नमुना छनोट

यस अध्ययनमा कैलाली जिल्लाका १० विद्यालयका कक्षा छमा अध्ययनरत ८/८ जना विद्यार्थी पर्ने गरी नमुना छनोट गरिएको छ । जसमा छात्र छात्रा दुवैलाई बराबरी सहभागी गराइएको छ ।

## ३.३ क्षेत्रीय अध्ययन विधि

यस अध्ययनमा कैलाली जिल्लाका १० विद्यालयका कक्षा छमा अध्ययनरत विद्यार्थी जुन नुमनाका रूपमा छनोट गरिएका ८० जना विद्यार्थीहरुका लागि प्रश्नपत्र तयार गरी परीक्षा लिइएका छ । यसरी प्राप्त नतिजाका आधारमा विश्लेषण गरी वाक्य गठन क्षमता के कस्तो रहेको छ भनी परीक्षण गरिएको छ ।

## ३.४ सामग्री सङ्कलनका स्रोतहरु

प्रस्तुत शोधकार्य पुरा गर्नका लागि प्राथमिक र द्वितीयक स्रोत सामग्रीको प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ । जुन निम्न अनुसार छन् :

### ३.४.१ प्राथमिक स्रोत

प्रस्तुत अध्ययनमा कैलाली जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरुले वाक्य गठन क्षमता प्रस्तुत गरिएको उत्तर पुस्तिकालाई प्राथमिक स्रोतका रूपमा लिइएको छ ।

### ३.४.२ द्वितीयक स्रोत

प्रस्तुत अध्ययनमा द्वितीयक स्रोतका रूपमा वाक्य गठन सम्बन्धी पुस्तकहरु, व्याकरण पुस्तकहरु, पाठ्य पुस्तक, शोधकार्य आदि परेका छन् ।

## ३.५ पुस्तकालयीय कार्य विधि

वाक्य गठन सम्बन्धी सैद्धान्तिक अध्ययनका लागि पुस्तकालयमा गएर विभिन्न व्याकरण सम्बन्धी पुस्तक, पाठ्य पुस्तक र यस अघि सम्पन्न गरिएका शोध कार्यहरु सङ्कलन गरी अध्ययन गरिएको छ ।

## ३.६ सामग्री निर्माण

अनुसन्धान कार्यमा सामग्री निर्माणको विशेष महत्त्व हुन्छ । शोध कार्यलाई व्यवस्थित, प्रमाणिक र वैध बनाउनका लागि विभिन्न स्रोत तथा प्रक्रियाबाट सामग्री निर्माण गरिएको छ । प्रस्तुत अध्ययनमा विद्यार्थीहरुको वाक्य गठन क्षमताको अध्ययन गरी त्यसै अनुसार सामग्री तयार गरिएको छ । जसमा वाक्य गठनका पक्षहरु लिङ्ग, वचन पुरुष, आदर काल र ध्रुवीयतासँग सम्बन्धित भएर प्रत्येकबाट एउटा-एउटा अनुच्छेद गरी प्रश्नपत्र निर्माण गरी ८० जना विद्यार्थीहरुलाई लेख्न लगाएर लिखित परीक्षा द्वारा सामग्री सङ्कलन गरिएको छ ।

## ३.७ तथ्याङ्क सङ्कलन

अनुसन्धानमा तथ्याङ्क सङ्कलनको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । शोध कार्यलाई व्यवस्थित, प्रमाणित, विश्वसनीय र वैध बनाउन लागि प्रस्तुत शोधकार्यमा अनुच्छेद परिवर्तन गर्ने र स्वतन्त्र लेखन जस्ता प्रश्नहरु निर्माण गरिएका छन् । तिनै प्रश्नलाई १० विद्यालयका नमुना छनोटमा परेका विद्यार्थीहरु माझ परीक्षा गरिएको छ । विद्यार्थीहरुलाई प्रश्नपत्रमै उत्तर लेख्ने व्यवस्था मिलाइएको छ । विषयगत प्रश्नमा निर्देशनका आधारमा वाक्य परिवर्तन गर्नुपर्ने र स्वतन्त्र लेखनमा 'दशैं' शीर्षक दिइएको छ । यस परीक्षामा विद्यार्थी उत्तीर्ण अनुत्तीर्ण गर्नमा कुनै सरोकार नरहने हुँदा ढुक्कसँग उत्तर दिन विद्यार्थीहरुलाई प्रोत्साहित गरिएको छ ।

## ३.८ तथ्याङ्कको विश्लेषण प्रक्रिया

कैलाली जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरुको वाक्य गठन क्षमताको अध्ययनसँग सम्बन्धित भएर सामग्री सङ्कलन गरी सकेपछि विद्यार्थीहरुको वाक्य गठन क्षमता के-कस्तो छ, सामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थीहरुको वाक्य गठन क्षमता कस्तो छ भनी अध्ययन गरिएको छ । विद्यार्थीहरुले प्राप्त गरेको प्राप्ताङ्कलाई समग्रमा र अलग-अलग गरी व्याख्या विश्लेषण गरिएको छ । विश्लेषणका क्रममा उच्च स्तरमा र न्यून स्तरमा पर्ने विद्यार्थीहरुलाई औसत मानसँग दाजेर हेरी त्यही आधारमा विश्लेषण गरिएको छ । वाक्य गठन क्षमताको अध्ययन गर्दा निम्न अनुसारका सुत्रको प्रयोग गरिएको छ :

मध्यमान, ( $\bar{X}$) = $\frac{\Sigma X}{N}$

यहाँ,

$\bar{X}$ = औसत प्राप्ताङ्क

$\Sigma X$ = कुल प्राप्ताङ्कको योग

N = नमुना विद्यार्थी सङ्ख्या

माथि उल्लेख गरिएको सुत्रका आधारमा प्राप्त गरिएको औसत अङ्कबाट तलको सुत्र प्रयोग गरी मानक विचलन निकालिएको छ :

मानक विचलन ($\sigma$) = $\frac{\sqrt{\Sigma X^2 - \frac{(\Sigma x)^2}{N}}}{N}$

यहाँ $\Sigma x^2$ = औसत अङ्कको वर्गको कुल योग

$(\Sigma x)^2$ = प्राप्ताङ्कको कुल योगको वर्ग

N = जम्मा विद्यार्थी सङ्ख्या

## ३.९ अध्ययनको रूपरेखा

प्रस्तुत शोध अध्ययनको रूपरेखा निम्नानुसार रहेको छ :

**अध्याय एक : शोध परिचय र पूर्वकार्यको समीक्षा**

यस अध्याय अन्तर्गत पृष्ठभूमि, समस्याकथन, उद्‌देश्य, अध्ययनको औचित्य र अध्ययनको सीमाङ्कन र पूर्वकार्यको समीक्षा अन्तर्गत जसमा पुस्तक समीक्षा र शोध समक्षिा रहेको छ ।

**अध्याय दुई : सैद्धान्तिक अवधारणा**

यस अध्याय अन्तर्गत सैद्धान्तिक अवधारणा अन्तर्गत, वाक्यको परिचय, संरचनागत आधारमा वाक्यका प्रकार, अर्थगत आधारमा वाक्यका प्रकार, वाक्य गठनको परिचय, वाक्य गठनका पक्षहरु, वाक्य गठन सम्बन्धी त्रुटि क्षेत्र, वाक्य गठन शिक्षणलाई प्रभावकारी बनाउने तरिका र वाक्य गठन सम्बन्धी अध्ययनको आवश्यकता रहेको छ ।

**अध्याय तिन : अध्ययन विधि र प्रक्रिया**

यस अध्याय अन्तर्गत जनसङ्ख्याको पहिचान, नमुना छनोट क्षेत्रीय अध्ययन विधि, सामग्री सङ्कलन स्रोतहरु, प्राथमिक स्रोतहरु, पुस्तकालय कार्य विधि, सामग्री, निर्माण, तथ्याङ्क सङ्कलन र तथ्याङ्क विश्लेषण प्रक्रिया र अध्ययनको रूपरेखा रहेको छ ।

**अध्याय चार : वाक्य गठन सम्बन्धी लेखन क्षमताको अध्ययन**

यस अध्याय अन्तर्गत वाक्य गठन सम्बन्धी समग्रात्मक स्थिति लिङ्ग, वचन, पुरुष आदर, काल, ध्रुवीयता र स्वतन्त्र लेखन क्षमता सम्बन्धी स्थिति रहेको छ ।

**अध्याय पाँच : विद्‌यालयको प्रकृतिका आधारमा वाक्य गठन क्षमताका अध्ययन**

यस अध्याय अन्तर्गत सामुदायिक र संस्थागत विद्‌यालयको समग्रात्मक स्थिति, सामुदायिक र संस्थागत विद्‌यालयका अध्ययनरत विद्‌यार्थीहरुको लिङ्ग वचन, पुरुष, आदर, काल ध्रुवीयता र स्वतन्त्र लेखन क्षमता सम्बन्धी स्थिति रहेको छ ।

**अध्याय छ : लैङ्गिकताका आधारमा विद्‌यार्थीहरुको वाक्य गठन क्षमता**

यस अध्याय अन्तर्गत छात्र छात्राको समग्रात्मक स्थिति लैङ्गिकताका आधारमा लिङ्ग, वचन, पुरुष, आदर, काल, ध्रुवीयता, स्वतन्त्र लेखन क्षमता सम्बन्धी स्थिति रहेको छ ।

**अध्याय सात : सारांश, निष्कर्ष र उपयोगिता**

यस अध्याय अन्तर्गत सारांश, निष्कर्ष र उपयोगिताका साथै सन्दर्भ सामग्रीको सूची रहेका छन् ।

उक्त बाहेक परिशिष्ट र व्यक्तिवृत्त समेत राखी शोध कार्यलाई अन्तिम रूप दिइएको छ ।

# अध्याय चार

# वाक्य गठन सम्बन्धी लेखन क्षमताको अध्ययन

भाषा विचार विनियमको एउटा परम्परित माध्यम हो जसको प्रयोग समाजमा हुन्छ । कुनै पनि व्यक्ति वा समाजका विचार आफू समक्ष ल्याउने काम भाषाको भएकाले भाषा सम्प्रेषण योग्य र स्तरीय हुनु आवश्यक छ । त्यसै गरी नेपाली भाषाको प्रयोगमा एकरूपता ल्याई कथ्य भाषा र लेख्य भाषा बिचको अन्तरलाई कम गरी स्तरीय मानक नेपाली भाषा प्रयोग गर्न वाक्य गठनलाई विद्यालय तह देखि नै प्रभावकारी रूपमा शिक्षण गरिएको पाइन्छ । त्यसैले विद्यालय तहमा कुरा अनुसन्धानको विषय बनेको छ । प्रस्तुत अध्ययनमा कैलाली जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरुको वाक्य गठन क्षमतालाई अध्ययन क्षेत्र बनाइएको छ । अध्ययन गर्नका लागि ५ सामुदायिक र ५ संस्थागत विद्यालयका ४ छात्रा र ४ छात्रका दरले जम्मा ८० जना विद्यार्थीहरु नमुनाका रूपमा छनोट गरिएका छन् । जस अन्तर्गत समग्रमा वाक्य गठन क्षमताको अध्ययन, सामुदायिक र संस्थागत रूपमा वाक्य गठन क्षमताको अध्ययन र लैङ्गिकताका आधारमा वाक्य गठन क्षमताको अध्ययन अध्ययन गर्न विद्यार्थीहरुको छनोट गरी तथ्याङ्क सङ्कलन गरिएको छ । विद्यार्थीहरुको प्राप्ताङ्कलाई औसत अङ्क र स्तरीय भिन्नतामा बदली तिनीहरुको आपसी तुलनाका आधारमा निष्कर्ष निकालिएको छ ।

## ४.१ वाक्य गठन सम्बन्धी समग्रात्मक स्थिति

यस अध्ययनमा कैलाली जिल्लाका ५ सामुदायिक र ५ संस्गागत विद्यालयका ८० जना विद्यार्थीहरुलाई समावेश गरिएको छ । ५० पूर्णाङ्कको परीक्षणमा विद्यार्थीहरुले प्राप्त गरेको प्राप्ताङ्कको कुल योग, औसत अङ्क, मानक विचलन, सबैभन्दा बढी प्राप्ताङ्क र सबैभन्दा कम प्राप्ताङ्कलाई निम्न लिखित तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. १**

**वाक्य गठन सम्बन्धी समग्रात्मक स्थिति**

| | |
|---|---|
| प्राप्ताङ्कको कुल योग | ३१८१ |
| औसत अङ्क | ३९.७६ |
| मानक विचलन | ७.२७ |
| सबैभन्दा बढी प्राप्ताङ्क | ४९ |
| सबैभन्दा कम प्राप्ताङ्क | २२ |
| जम्मा विद्यार्थी सङ्ख्या | ८० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

प्रस्तुत तालिकामा ५० पूर्णाङ्कको परीक्षामा ८० जना विद्यार्थीहरुको प्राप्त गरेको प्राप्ताङ्कको कुल योग ३१८१ रहेको छ । प्राप्ताङकको औसत अङ्क ३९.७६ रहेको छ । उक्त औसत अङ्क कुल पूर्णाङ्कको ५० प्रतिशत भन्दा माथि छ । मानक विचलन ७.२७ रहेको छ । परीक्षा प्राप्ताङ्कलाई हेर्दा कक्षा छमा अध्ययनरत विद्यार्थीहरुको वाक्य गठन क्षमता राम्रो रहेको देखिन्छ ।

## ४.२ लिङ्गको प्रयोग क्षमता

वाक्य गठनका विभिन्न पक्षहरु मध्ये एउटा पक्ष लिङ्ग रहेको छ । लिङ्गले भाले र पोथी जनाउँछ । प्रस्तुत शोधमा कक्षा छमा अध्ययनरत विद्यार्थीहरुमा लिङ्ग परिवर्तन क्षमताको मुल्याङ्कन गर्दा निम्नानुसारको नतिजा प्राप्त भएको देखिन्छ :

**तालिका नं. २**

**लिङ्गको प्रयोग क्षमता सम्बन्धी स्थिति**

| | |
|---|---|
| प्राप्ताङ्कको कुल योग | ३५६ |
| औसत अङ्क | ४.४५ |
| मानक विचलन | ०.४५ |
| सबैभन्दा बढी प्राप्ताङ्क | ५ |
| सबैभन्दा कम प्राप्ताङ्क | २ |
| जम्मा विद्यार्थी सङ्ख्या | ८० |

स्रोतः स्थलगत अध्ययन २०७३।

प्रस्तुत तालिकामा ५ अङ्कको प्रश्नमा ८० जना विद्यार्थीहरुले प्राप्त गरेको कुल योग ३५६ रहेको छ। प्राप्ताङ्कको औसत अङ्क ४.४५ देखिन्छ। उक्त औसत अङ्क कुल पूर्णाङ्कको ५० प्रतिशत भन्दा माथि रहेको छ। मानक विचलन ०.४५ रहेको छ। मानक विचलन जति कम भयो त्यति प्राप्ताङ्क सन्तुलन रहने भएकाले यहाँ मानक विचलन कम भएकाले कक्षा छमा अध्ययनरत विद्यार्थीहरुको लिङ्गको प्रयोग क्षमता राम्रो रहेको प्रस्ट हुन्छ। सबैभन्दा बढी प्राप्ताङ्क ५ र कम प्राप्ताङ्क २ रहेको पाइन्छ। त्यसैले यस अध्ययनमा कक्षा छमा अध्ययनरत विद्यार्थीहरुको लिङ्गको प्रयोग क्षमता राम्रो रहेको पाइन्छ।

## ४.३ वचनको प्रयोग क्षमता

वचन सङ्ख्या जनाउने व्याकरणिक कोटि हो। नेपालीमा एउटालाई बुझाउनेलाई एक वचन र एक भन्दा बढीलाई बुझाउनेलाई बहुवचन भनिन्छ। प्रस्तुत शोधमा कक्षा छमा अध्ययनरत विद्यार्थीहरुमा वचन प्रयोग क्षमता मूल्याङ्कन गर्दा निम्नानुसारको नतिजा प्राप्त भएको देखिन्छ।

**तालिका नं. ३**

**वचनको प्रयोग क्षमता सम्बन्धी स्थिति**

| | |
|---|---|
| प्राप्ताङ्कको कुल योग | ३५१ |
| औसत अङ्क | ४.३८ |
| मानक विचलन | ०.६४ |
| सबैभन्दा बढी प्राप्ताङ्क | ५ |
| सबैभन्दा कम प्राप्ताङ्क | ३ |
| जम्मा विद्यार्थी सङ्ख्या | ८० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

प्रस्तुत तालिकामा ५ अङ्कको प्रश्नमा ८० जना विद्यार्थीहरुले प्राप्त गरेको कुल योग ३५१ पाइन्छ । प्राप्ताङ्कको औसत अङ्क ४.३८ रहेको छ  उक्त अङ्क कुल पूर्णाकको ५० प्रतिशत भन्दा माथि रहेको छ । सबैभन्दा बढी अङ्क ५ र सबैभन्दा कम अङ्क ३ रहेको छ । मानक विचलन ०.६४ रहेको छ । मानक विचलन कम रहेकाले कक्षा छमा अध्ययनरत विद्यार्थीहरुको वचनको प्रयोग क्षमता राम्रो रहेको पाइन्छ ।

## ४.४ पुरुषको प्रयोग क्षमता

वक्ता, श्रोता र विषयका बारेमा जानकारी गराउने व्याकरणात्मक पक्षलाई पुरुष भनिन्छ । नेपालीमा प्रथम द्वितीय र तृतीय पुरुष रहेका छन् । प्रस्तुत शोधमा वाक्य गठन क्षमता अन्तर्गत कक्षा छमा अध्ययनरत विद्यार्थीहरुको पुरुषको प्रयोग  क्षमताको मूल्याङ्कन गर्दा निम्नानुसारको नतिजा प्राप्त भएको देखिन्छ :

**तालिका ४**

**पुरुषको प्रयोग क्षमता सम्बन्धी स्थिति**

| | |
|---|---|
| प्राप्ताङ्कको कुल योग | ३१६ |
| औसत अङ्क | ७९ |
| मानक विचलन | १.२० |
| सबैभन्दा बढी प्राप्ताङ्क | ५ |
| सबैभन्दा कम प्राप्ताङ्क | १ |
| जम्मा विद्यार्थी सङ्ख्या | ८० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

प्रस्तुत तालिकामा ५ अङ्कको प्रश्नमा ८० जना विद्यार्थीहरुले प्राप्त गरेको कुल प्राप्ताङ्क ३१६ रहेको छ । प्राप्ताङ्कको औसत अङ्क ७.९ रहेको छ । उक्त औसत अङ्क कुल पूर्णाङ्कको ५० प्रतिशत भन्दा माथि रहेको देखिन्छ । सबैभन्दा बढी अङ्क ५ र सबैभन्दा कम अङ्क १ रहेको पाइन्छ । यसमा मानक विचलन १.२० रहेको पाइन्छ । मानक विचलन अन्य  पक्ष भन्दा बढी भएकाले विद्यार्थीहरुको लिङ्गको प्रयोग क्षमता राम्रो रहेको छ ।

## ४.५ आदरको प्रयोग क्षमता

व्यक्तिलाई सम्मान गर्न प्रयोग गरिने पद वा वाक्यलाई आदर भनिन्छ । नेपालीमा निम्न, मध्यम, उच्च र अति उच्च गरी ४ प्रकारका आदर छन् । प्रस्तुत शोधमा वाक्य गठन अन्तर्गत कक्षा छमा अध्ययनरत विद्यार्थीहरुमा आदरको प्रयोग क्षमताको मूल्याङ्कन गर्दा निम्न नतिजा प्राप्त भएको देखिन्छ :

**तालिका नं. ५**

**आदरको प्रयोग क्षमता सम्बन्धी स्थिति**

| | |
|---|---|
| प्राप्ताङ्कको कुल योग | ३०१ |
| औसत अङ्क | ३.७६ |
| मानक विचलन | १.२८ |
| सबैभन्दा बढी प्राप्ताङ्क | ५ |
| सबैभन्दा कम प्राप्ताङ्क | १ |
| जम्मा विद्यार्थी सङ्ख्या | ८० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

प्रस्तुत तालिकामा ५ अङ्कको प्रश्नमा ८० जना विद्यार्थीहरुले प्राप्त गरेको कुल योग ३०१ रहेको छ । प्राप्ताङ्कको औसत अङ्क ३.७६ रहेको देखिन्छ । सबैभन्दा बढी प्राप्ताङ्क ५ रहेको छ भने कम प्राप्ताङ्क १ रहेको छ । मानक विचलन १.२८ रहेको पाइन्छ । त्यसैले मानक विचलन अन्य पक्ष भन्दा बढी रहेको कक्षा छमा अध्ययनरत विद्यार्थीहरुको आदर सम्बन्धी प्रयोग क्षमता मध्यम रहेको देखिन्छ ।

## ४.६ कालको प्रयोग क्षमता

काल भन्नाले समयलाई बुझाउँछ । नेपालीमा काललाई भूत, वर्तमान र भविष्यत् काल गरी ३ प्रकारमा वर्गीकरण गरिएको छ । प्रस्तुत शोधमा कक्षा छमा अध्ययनरत विद्यार्थीहरुमा काल सम्बन्धी वाक्य गठन क्षमताको मूल्याङ्कन गर्दा निम्न नतिजा प्राप्त भएको छ :

**तालिका नं.**

**कालको प्रयोग क्षमता सम्बन्धी स्थिति**

| | |
|---|---|
| प्राप्ताङ्कको कुल योग | ३२० |
| औसत अङ्क | ४ |
| मानक विचलन | १.२४ |
| सबैभन्दा बढी प्राप्ताङ्क | ५ |
| सबैभन्दा कम प्राप्ताङ्क | २ |
| जम्मा विद्यार्थी सङ्ख्या | ८० |

स्रोतः स्थलगत अध्ययन, २०७३ ।

प्रस्तुत तालिकामा ५ अङ्कको प्रश्नमा ८० जना विद्यार्थीहरुले प्राप्त गरेको प्राप्ताङ्कको कुल योग ३२० रहेका छन् । प्राप्ताङ्कको औसत अङ्क कुल पूर्णाङ्कको ५० प्रतिशत भन्दा माथि रहेको छ । प्राताङ्कको सबैभन्दा बढी अङ्क ५ रहेको छ भने सबैभन्दा कम अङ्क २ रहेको छ । मानक विचलन १.२४ रहेको पाइन्छ । त्यसैले मानक विचलन अन्य पक्ष भन्दा बढी रहेकाले कक्षा छमा अध्ययनरत विद्यार्थीहरुको कालको प्रयोग क्षमता मध्यम रहेको देखिन्छ ।

## ४.७ ध्रुवीयताको प्रयोग क्षमता

करण र अकरणलाई एउटै शब्दमा व्यक्त गर्न ध्रुवीयता शब्दको प्रयोग गरिन्छ । वाक्यले सकारात्मक अर्थ दिन्छ भने करण वाक्य र नकारात्मक अर्थ दिन्छ भने अकरण वाक्य भनिन्छ । प्रस्तुत शोधमा कक्षा छमा अध्ययनरत विद्यार्थीहरुमा ध्रुवीयता सम्बन्धी वाक्य गठन क्षमताको मूल्याङ्कन गर्दा निम्न नतिजा प्राप्ता भएको देखिन्छ :

**तालिका नं. ७**

**ध्रुवीयताको प्रयोग क्षमता सम्बन्धी स्थिति**

| | |
|---|---|
| प्राप्ताङ्कको कुल योग | ३०३ |
| औसत अङ्क | ३.७८ |
| मानक विचलन | १.५० |
| सबैभन्दा बढी प्राप्ताङ्क | ५ |
| सबैभन्दा कम प्राप्ताङ्क | १ |
| जम्मा विद्यार्थी सङ्ख्या | ८० |

स्रोत : स्थलगत अध्ययन, २०७३

प्रस्तुत तालिकामा ५ अङ्कको प्रश्नमा ८० जना विद्यार्थीहरुले प्राप्त गरेको कुल योग ३०३ रहेको छ । प्राप्ताङ्कको औसत अङ्क ३..७८ रहेको देखिन्छ । उक्त औसत अङ्क पूर्णाङ्कको ५० % भन्दा माथि रहेको छ । प्राप्ताङ्कको सबैभन्दा बढी अङ्क ५ रहेको छ भने सबैभन्दा कम अङ्क १ रहेको छ । मानक विचलन १.५० रहेको छ त्यसैले मानक विचलन अन्य पक्षभन्दा बढी भएकाले कक्षा छमा अध्ययनरत विद्यार्थीहरुको ध्रुवीयताको प्रयोग क्षमता मध्यम स्तरको रहेको छ ।

## ४.८ स्वतन्त्र लेखन क्षमता

प्रस्तुत शोधमा कक्षा छमा अध्ययनरत विद्यार्थीहरुको स्वतन्त्र लेखन क्षमताको मूल्याङ्कन गर्दा निम्न नतिजा प्राप्त भएको देखिन्छ :

**तालिका नं. ८**

**स्वतन्त्र लेखनको प्रयोग क्षमता सम्बन्धी स्थिति**

| | |
|---|---|
| प्राप्ताङ्कको कुल योग | ३१० |
| औसत अङ्क | ३.८७ |
| मानक विचलन | १.०९ |
| सबैभन्दा बढी प्राप्ताङ्क | ५ |
| सबैभन्दा कम प्राप्ताङ्क | २ |
| जम्मा विद्यार्थी सङ्ख्या | ८० |

स्रोत : स्थलगत अध्ययन, २०७३

प्रस्तुत तालिकामा ५ अङ्कको प्रश्नमा ८० जना विद्यार्थीहरुले प्राप्त गरेको कुल योग ३१० रहेको छ । प्राप्ताङ्कको औसत अङ्क ३.८७ रहेको छ । प्राप्ताङ्कमा सबैभन्दा बढी अङ्क ५ रहेको छ भने सबैभन्दा कम अङ्क २ रहेको छ । मानक विचलन १.०९ रहेको छ । त्यसैले कक्षा छमा अध्ययनरत विद्यार्थीहरुको स्वतन्त्र लेखन क्षमता मध्यम रहेको देखिन्छ ।

माथिका तालिकामा प्रस्तुत प्राप्ताङ्क अनुसार कैलाली जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरुको वाक्य गठन क्षमता सन्तोषजनक रहेको देखिन्छ । वाक्य गठनका विभिन्न पक्षहरु, पुरुष आदर, काल, ध्रुवीयता र स्वतन्त्र लेखन सम्बन्धी क्षमता मध्यम तथा लिङ्ग र वचन सम्बन्धी क्षमता राम्रो रहेको देखिन्छ ।

# अध्याय पाँच

## विद्यालयको प्रकृतिका आधारमा वाक्य गठन क्षमताको अध्ययन

प्रस्तुत अध्ययन कैलाली जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरुको वाक्य गठन क्षमतामा आधारित रहेको छ । उक्त क्षेत्रमा सामुदायिक र संस्थागत विद्यालय रहेकाले सबै विद्यालयका विद्यार्थीहरुको वाक्य गठन क्षमता समान नहुने भएकाले यस अध्ययन कार्यमा सामुदायिक तथा संस्थागत विद्यालयका विद्यार्थीहरुलाई नमुना छनोटका रूपमा लिइएको छ । दुवै विद्यालयका विद्यार्थीहरुले प्राप्त गरेको नतिजालाई तुलना गरी व्यवस्था विश्लेषण गरिएको छ :

### ५.१ सामुदायिक र संस्थागत विद्यालयको समग्रात्मक क्षमता

प्रस्तुत शोध कक्षा छमा अध्ययनरत विद्यार्थीहरुको वाक्य गठन क्षमतामा आधारित रहेको छ । उक्त शोध ५ वटा सामुदायिक विद्यालय र ५ वटा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको परीक्षणमा आधारित छ । सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको वाक्य गठन क्षमतामा कस्तो विविधता देखा पर्दछ भन्ने कुरा अध्ययनको विषय रहेको छ । प्रस्तुत शोधमा कक्षा छमा अध्ययनरत विद्यार्थीहरुको वाक्य गठन क्षमतालाई तालिकाका माध्यमबाट निम्नानुसार व्याख्या विश्लेषण गरिएको छ :

**तालिका नं. ९**

**सामुदायिक र संस्थागत विद्यालयको समग्रात्मक स्थिति**

| सामुदायिक विद्यालय | | संस्थागत विद्याल | |
|---|---|---|---|
| प्राप्ताङ्कको कुल योग | १४९१ | प्राप्ताङ्कको कुल योग | १६९० |
| औसत अङ्क | ३६.६७ | औसत अङ्क | ४२.२५ |
| मानक विचलन | ६.२९ | मानक विचलन | ६.८४ |
| सबैभन्दा बढी प्राप्ताङ्क | ४८ | सबैभन्दा बढी प्राप्ताङ्क | ४९ |
| सबैभन्दा कम प्राप्ताङ्क | २२ | सबैभन्दा कम प्राप्ताङ्क | २७ |
| जम्मा विद्यार्थी सङ्ख्या | ४० | जम्मा विद्यार्थी सङ्ख्या | ४० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

माथिका तालिकामा प्रस्तुत गरे अनुसार सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको कुल प्राप्ताङ्कको योग १४९१, औसत ३६.६७, मानक विचलन ६.२९ रहेको छ । सबैभन्दा बढी प्राप्ताङ्क ४८ र कम प्राप्ताङ्क २२ रहेको छ । त्यसैगरी संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको कुल प्राप्ताङ्कको योग १६९०, औसत अङ्क ४२.२५, मानक विचलन ६.८४ रहेको छ । सबैभन्दा बढी प्राप्ताङ्क ४९ र कम प्राप्ताङ्क २७ रहेको छ । औसत अङ्क जति बढी र मानक विचलन जति कम भयो वाक्य गठन क्षमता त्यति नै बढी हुन्छ । प्रस्तुत अध्ययनबाट सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको भन्दा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको औसत अङ्क बढी र मानक विचलन कम भएकाले समग्रमा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको भन्दा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको वाक्य गठन क्षमता राम्रो रहेको प्रस्ट हुन्छ ।

## ५.२ लिङ्गको प्रयोग क्षमता

वाक्य गठनका विभिन्न पक्षहरु मध्ये लिङ्ग एउटा हो । सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुमा लिङ्गको प्रयोग क्षमताको मूल्याङ्कन गर्दा निम्न नतिजा प्राप्त भएको देखिन्छ :

**तालिका नं. १०**

**लिङ्गको प्रयोग क्षमता सम्बन्धी स्थिति**

| | सामुदायिक | संस्थागत |
|---|---|---|
| प्राप्ताङ्कको कुल योग | १७० | १४३ |
| औसत अङ्क | ४.२५ | ३.५७ |
| मानक विचलन | १.०१ | १.९० |
| सबैभन्दा बढी प्राप्ताङ्क | ५ | ५ |
| सबैभन्दा कम प्राप्ताङ्क | २ | २ |
| जम्मा विद्यार्थी सङ्ख्या | ४० | ४० |

स्रोत : स्थलगत अध्ययन, २०७३

प्रस्तुत तालिकामा ५ अङ्कको प्रश्नमा सामुदायिक विद्यालयका ४० जना विद्यार्थीहरुले प्राप्त गरेको कुल अङ्क १७०, औसत अङ्क ४.२५, मानक विचलन १.०१ रहेको छ । त्यसैगरी संस्थागत विद्यालयका ५० जना विद्यार्थीहरुले प्राप्त गरेको कुल अङ्क १४३, औसत अङ्क ३.५७, मानक विचलन १.९० रहेको छ । त्यसैले सामुदायिक विद्यालयका विद्यार्थीहरुको औसत अङ्क संस्थागत विद्यालयका विद्यार्थीहरुको औसत अङ्क भन्दा बढी भएकाले सामुदायिक विद्यालयका विद्यार्थीहरुको लिङ्ग सम्बन्धी वाक्य गठन राम्रो रहेको छ ।

## ५.३ वचनको प्रयोग क्षमता

प्रस्तुत शोधमा सामुदायिक र संस्थागत विद्यालयमा कक्षा छमा अध्ययनरत विद्यार्थीहरुको वचनको प्रयोग क्षमताको मूल्याङ्कन गर्दा निम्न नतिजा प्राप्त भएको देखिन्छ :

**तालिका नं. ११**

**वचनको प्रयोग क्षमता सम्बन्धी स्थिति**

| | सामुदायिक विद्यालय | संस्थागत विद्यालय |
|---|---|---|
| प्राप्ताङ्कको कुल योग | १३० | १८१ |
| औसत अङ्क | ३.२५ | ४.५२ |
| मानक विचलन | १.९८ | ०.५८ |
| सबैभन्दा बढी प्राप्ताङ्क | ५ | ५ |
| सबैभन्दा कम प्राप्ताङ्क | ३ | ३ |
| जम्मा विद्यार्थी सङ्ख्या | ४० | ४० |

स्रोतः स्थलतग अध्ययन, २०७३ ।

प्रस्तुत तालिकामा ५ अङ्कको प्रश्नमा सामुदायिक विद्यालयका विद्यार्थीहरुले प्राप्त गरेको कुल योग १३० औसत अङ्क ३.२५, मानक विचलन १.९८ रहेको छ । त्यसैगरी

संस्थागत विद्यालयका विद्यार्थीहरुले प्राप्त गरेको कुल योग १८१, औसत अङ्क ४.५९, मानक विचलन ०.५८ रहेको छ । त्यसैले सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरुको औसत अङ्क बढी भएकाले संस्थागत विद्यालयका विद्यार्थीहरुको वचन सम्बन्धी वाक्य गठन क्षमता राम्रो रहेको देखिन्छ ।

## ५.४ पुरुषको प्रयोग क्षमता

प्रस्तुत शोधमा कक्षा छमा अध्ययनरत सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको पुरुष सम्बन्धी वाक्य गठन क्षमताको मूल्याङ्कन गर्दा निम्न नतिजा प्राप्त भएको देखिन्छ :

**तालिका नं. १२**

**पुरुषको प्रयोग क्षमता सम्बन्धी स्थिति**

| | सामुदायिक विद्यालय | संस्थागत विद्यालय |
|---|---|---|
| प्राप्ताङ्कको कुल योग | १५१ | १६५ |
| औसत अङ्क | ३.७७ | ४.१२ |
| मानक विचलन | १.४६ | ०.९२ |
| सबैभन्दा बढी प्राप्ताङ्क | ५ | ५ |
| सबैभन्दा कम प्राप्ताङ्क | १ | ३ |
| जम्मा विद्यार्थी सङ्ख्या | ४० | ४० |

स्रोतः स्थलगत अध्ययन, २०७३ ।

प्रस्तुत तालिकामा ५ अङ्कको प्रश्नमा सामुदायिक विद्यालयका विद्यार्थीहरुले प्राप्त गरेको कुल प्राप्ताङ्क १५१, औसत अङ्क ३.७७, मानक विचलन १.४३ रहेको छ । त्यसैगरी संस्थागत विद्यालयका विद्यार्थीहरुको प्राप्त गरेको कुल प्राप्ताङ्कको योग १६५, औसत अङ्क ४.१२, मानक विचलन ०.९२ रहेको छ । त्यसैले सामुदायिक विद्यार्थीहरुको औसत

अङ्क बढी भएकाले संस्थागत विद्यालयका विद्यार्थीहरुको पुरुष सम्बन्धी वाक्य गठन क्षतमा राम्रो रहेको देखिन्छ ।

## ५.५ आदरको प्रयोग क्षमता

प्रस्तुत शोधमा कक्षा छमा अध्ययनरत सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको आदरको प्रयोग क्षमताको मूल्याङ्कन गर्दा निम्न नतिजा प्राप्त भएको देखिन्छ :

**तालिका नं. १३**

**आदरको प्रयोग क्षमता सम्बन्धी स्थिति**

| | सामुदायिक विद्यालय | संस्थागत विद्यालय |
|---|---|---|
| प्राप्ताङ्कको कुल योग | १३५ | १६६ |
| औसत अङ्क | ३.३७ | ४.१५ |
| मानक विचलन | १.५ | ०.८४ |
| सबैभन्दा बढी प्राप्ताङ्क | ५ | ५ |
| सबैभन्दा कम प्राप्ताङ्क | २ | १ |
| जम्मा विद्यार्थी सङ्ख्या | ४० | ४० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

प्रस्तुत तालिकामा ५ अङ्कको प्रश्नमा सामुदायिक विद्यालयका विद्यार्थीहरुले प्राप्त गरेको कुल प्राप्ताङ्क १३५, औसत अङ्क ३.३७, मानक विचलन १.५ रहेको छ । त्यसैगरी संस्थागत विद्यालयका विद्यार्थीहरुले प्राप्त गरेको कुल प्राप्ताङ्क १६६, औसत अङ्क, ४.१५, मानक विचलन ०.८४ रहेको छ । त्यसैले सामुदायिक विद्यालका विद्यार्थीहरुले भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरुको औसत अङ्क बढी भएकाले संस्थागत विद्यालयका विद्यार्थीहरुको आदरको प्रयोग क्षमता राम्रो रहेको देखिन्छ ।

## ५.६ कालको प्रयोग क्षमता

प्रस्तुत शोधमा कक्षा छमा अध्ययनरत सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको कालको प्रयोग क्षमताको मूल्याङ्कन गर्दा निम्न नतिजा प्राप्त भएको देखिन्छ :

**तालिका नं. १४**

**कालको प्रयोग क्षमता सम्बन्धी स्थिति**

| | सामुदायिक विद्यालय | संस्थागत विद्यालय |
|---|---|---|
| प्राप्ताङ्कको कुल योग | १५४ | १६६ |
| औसत अङ्क | ३.८५ | ४.१५ |
| मानक विचलन | १.४ | १.३५ |
| सबैभन्दा बढी प्राप्ताङ्क | ५ | ५ |
| सबैभन्दा कम प्राप्ताङ्क | २ | २ |
| जम्मा विद्यार्थी सङ्ख्या | ४० | ४० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

प्रस्तुत तालिकामा ५ अङ्कको प्रश्नमा सामुदायिक विद्यालका विद्यार्थीहरुले प्राप्त गरेको कुल प्राप्ताङ्क १५४, औसत अङ्क, ३.८५, मानक विचलन १.४ रहेको छ । त्यसैगरी संस्थागत विद्यालयका विद्यार्थीहरुले प्राप्त गरेको कुल प्राप्ताङ्क १६६, औसत अङ्क ४.१५, मानक विचलन १.३५ रहेको छ । त्यसैले सामुदायिक विद्यालयका अध्ययनरत विद्यार्थीहरु भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरुको औसत अङ्क बढी भएकाले संस्थागत विद्यालयका विद्यार्थीहरुको काल सम्बन्धी वाक्य गठन क्षमता राम्रो रहेको देखिन्छ ।

## ४.७ ध्रुवीयताको प्रयोग क्षमता

प्रस्तुत शोधमा कक्षा छमा अध्ययनरत सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको ध्रुवीयता सम्बन्धी वाक्य गठन क्षमताको मूल्याङ्कन गर्दा निम्न नतिजा प्राप्त भएको देखिन्छ ।

**तालिका नं. १५**

**ध्रुवीयताको प्रयोग क्षमता सम्बन्धी स्थिति**

| | सामुदायिक विद्यालय | संस्थागत विद्यालय |
|---|---|---|
| प्राप्ताङ्कको कुल योग | १३९ | १६४ |
| औसत अङ्क | ३.४७ | ४०१ |
| मानक विचलन | १.५८ | १.३५ |
| सबैभन्दा बढी प्राप्ताङ्क | ५ | ५ |
| सबैभन्दा कम प्राप्ताङ्क | १ | १ |
| जम्मा विद्यार्थी सङ्ख्या | ४० | ४० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

प्रस्तुत तालिकामा ५ अङ्कको प्रश्नमा सामुदायिक विद्यालयका विद्यार्थीहरुले प्राप्त गरेको कुल प्राप्ताङ्क १३९, औसत अङ्क ३.४७, मानक विचलन १.५८ रहेको छ । त्यसैगरी संस्थागत विद्यालयका विद्यार्थीहरुले प्राप्त गरेको कुल प्राप्ताङ्क १६४, औसत अङ्क ४.१, मानक विचलन १.३५ रहेको छ । त्यसैले सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरु भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरुको औसत अङ्क बढी भएकाले संस्थागत विद्यालयका विद्यार्थीहरुको ध्रुवीयता सम्बन्धी वाक्य गठन क्षमता राम्रो रहेको देखिन्छ ।

## ५.८ स्वतन्त्र लेखन क्षमता

प्रस्तुत शोधमा कक्षा छमा अध्ययनरत सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुले स्वतन्त्र वाक्य रचना क्षमताको मूल्याङ्कन गर्दा निम्न नतिजा प्राप्त भएको देखिन्छ :

**तालिका नं. १६**

**स्वतन्त्र लेखनको प्रयोग क्षमता सम्बन्धी स्थिति**

| | सामुदायिक विद्यालय | संस्थागत विद्यालय |
|---|---|---|
| प्राप्ताङ्कको कुल योग | १३७ | १६८ |
| औसत अङ्क | ३.४२ | ४.२ |
| मानक विचलन | १.३९ | ०.७८ |
| सबैभन्दा बढी प्राप्ताङ्क | ५ | ५ |
| सबैभन्दा कम प्राप्ताङ्क | १ | २ |
| जम्मा विद्यार्थी सङ्ख्या | ४० | ४० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

प्रस्तुत तालिकामा ५ अङ्कको प्रश्नमा सामुदायिक विद्यालयका विद्यार्थीहरुले प्राप्त गरेको कुल प्राप्ताङ्क १३७, औसत अङ्क ३.४२, मानक विचलन १.३९ रहेको छ । त्यसै गरी संस्थागत विद्यालयका विद्यार्थीहरुले प्राप्त गरेको कुल प्राप्ताङ्क १६८, औसत अङ्क ४.२, मानक विचलन ०.७८ रहेको छ । त्यसैले सामुदायिक विद्यालयका विद्यार्थीहरुको भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरुको औसत अङ्क बढी भएकाले संस्थागत विद्यालयका विद्यार्थीहरुको स्वतन्त्र वाक्य रचना क्षमता रहेको देखिन्छ ।

माथिका तालिकामा प्रस्तुत प्राप्ताङ्क अनुसार कैलाली जिल्लाका कक्षा छमा अध्ययनरत सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरु मध्ये संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको वाक्य गठन क्षमता राम्रो रहेको देखिन्छ ।

# अध्याय छ

# लैङ्गिकताका आधारमा वाक्य गठन क्षमताको अध्ययन

प्रस्तुत अध्ययन कैलाली जिल्लाको कक्षा छमा अध्ययनरत विद्यार्थीहरुको वाक्य गठन क्षमतामा आधारित रहेको छ । यस अध्ययनमा उक्त क्षेत्रका १० विद्यालयका ८० जना विद्यार्थीहरुलाई छनोट गरिएको छ । उक्त विद्यालयमा छात्र र छात्रा विद्यार्थीहरु रहेकोले छात्र छात्रा मध्ये कसको वाक्य गठन क्षमता राम्रो रहेको छ भन्ने उद्देश्यलाई पुरा गर्न ५ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालयका ४० छात्र र ४० छात्रा विद्यार्थीहरुमा परीक्षण गरी व्याख्या विश्लेषण गरिएको छ ।

## ६.१ छात्र छात्राको समग्रात्मक अध्ययन

यस शीर्षकमा वाक्य गठन क्षमतामा लैङ्गिकताको कस्तो प्रभाव पर्दछ भने विषयमा आधारित रहेको छ । छात्र विद्यार्थी अथवा छात्रा विद्यार्थीहरुमा कसको प्रयोग क्षमता राम्रो भन्ने उद्देश्यका साथ प्रस्तुत शोध तयार पारिएको छ । त्यसैले प्रस्तुत शोध कक्षा छमा अध्ययनरत विद्यार्थीहरुको लैङ्गिकताका आधारमा वाक्य गठन क्षमताको मूल्याङ्कन गर्दा निम्न नतिजा प्राप्त भएको देखिन्छ :

**तालिका नं. १७**

**छात्र र छात्राको समग्रात्मक स्थिति**

| | छात्र | छात्रा |
|---|---|---|
| प्राप्ताङ्कको कुल योग | १५४९ | १६३२ |
| औसत अङ्क | ३८.७२ | ४०.८ |
| मानक विचलन | ७.०२ | ६.१४ |
| सबैभन्दा बढी प्राप्ताङ्क | ४९ | ४८ |
| सबैभन्दा कम प्राप्ताङ्क | २३ | २२ |
| जम्मा विद्यार्थी सङ्ख्या | ४० | ४० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

प्रस्तुत तालिकामा ५० पूर्णाङ्कको प्रश्नको परीक्षामा ४० जना छात्र विद्यार्थीहरुले प्राप्त गरेको कुल प्राप्ताङ्क १५४९, औसत अङ्क ३८.७२, मानक विचलन ७.०२ रहेको छ । त्यसैगरी छात्रा विद्यार्थीहरुले प्राप्त गरेको कुल प्राप्ताङ्क १६३२, औसत अङ्क ४०.८, मानक विचलन ६.१४ रहेको छ । त्यसैले छात्र विद्यार्थीरुको औसत अङ्क भन्दा छात्रा विद्यार्थीहरुको औसत अङ्क बढी भएकाले छात्राहरुको वाक्य गठन क्षमता राम्रो रहेको देखिन्छ ।

## ६.२ लिङ्गको प्रयोग क्षमता

वाक्य गठनका विभिन्न पक्षहरु मध्ये लिङ्ग पनि एक हो । यस शोधमा छात्र र छात्रा विद्यार्थीहरुको लिङ्ग सम्बन्धी वाक्य गठन क्षमताको मूल्याङ्कन गर्दा निम्न नतिजा प्राप्त भएको देखिन्छ ।

**तालिका नं. १८**

**लिङ्गको प्रयोग क्षमता सम्बन्धी स्थिति**

| | छात्र | छात्रा |
|---|---|---|
| प्राप्ताङ्कको कुल योग | १२५ | १७७ |
| औसत अङ्क | ३.१२ | ४.४२ |
| मानक विचलन | १.९४ | ०.७६ |
| सबैभन्दा बढी प्राप्ताङ्क | ५ | ५ |
| सबैभन्दा कम प्राप्ताङ्क | २ | २ |
| जम्मा विद्यार्थी सङ्ख्या | ४० | ४० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

प्रस्तुत तालिकामा ५ अङ्कको प्रश्नमा छात्र विद्यार्थीहरुले प्राप्त गरेको कुल प्राप्ताङ्क १२५, औसत अङ्क ३.१२, मानक विचलन १.९४ रहेको छ । छात्रा विद्यार्थीहरुले प्राप्त गरेको कुल प्राप्ताङ्क १७७, औसत अङ्क ४.४२, मानक विचलन ०.७६ रहेको छ ।

त्यसैले छात्र विद्यार्थीहरुको भन्दा छात्रा विद्यार्थीहरुको औसत अङ्क बढी भएकाले छात्रा विद्यार्थीहरुको लिङ्ग सम्बन्धी वाक्य गठन क्षमता राम्रो रहेको देखिन्छ ।

## ६.३ वचनको प्रयोग क्षमता

वाक्य गठनका विभिन्न पक्षहरु मध्ये वचन पनि एक हो । यस शोधमा कक्षा छमा अध्ययनरत छात्र विद्यार्थी र छात्रा विद्यार्थीहरुको वचन सम्बन्धी वाक्य गठन क्षमताको मूल्याङ्कन गर्दा निम्न नतिजा प्राप्त भएको देखिन्छ :

**तालिका नं. १९**

**वचनको प्रयोग क्षमता सम्बन्धी स्थिति**

| | छात्र | छात्रा |
|---|---|---|
| प्राप्ताङ्कको कुल योग | १६६ | १८० |
| औसत अङ्क | ४.१५ | ४.५ |
| मानक विचलन | ०.८४ | ०.५७ |
| सबैभन्दा बढी प्राप्ताङ्क | ५ | ५ |
| सबैभन्दा कम प्राप्ताङ्क | १ | २ |
| जम्मा विद्यार्थी सङ्ख्या | ४० | ४० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

प्रस्तुत तालिकामा ५ अङ्कको प्रश्नमा छात्र विद्यार्थीहरुले प्राप्त गरेको कुल प्राप्ताङ्क १६६, औसत अङ्क ४.१५, मानक विचलन ०.८४ रहेको छ भने छात्रा विद्यार्थीहरुले प्राप्त गरेको कुल प्राप्ताङ्क १८०, औसत अङ्क ४.५, मानक विचलन ०५७ रहेको छ । त्यसैले छात्र विद्यार्थीहरु भन्दा छात्रा विद्यार्थीहरुको औसत अङ्क बढी भएकाले छात्रा विद्यार्थीहरुको वचन सम्बन्धी वाक्य गठन क्षमता राम्रो रहेको देखिन्छ ।

## ६.४ पुरुषको प्रयोग क्षमता

वाक्य गठनका विभिन्न पक्षहरु मध्ये पुरुष पनि एउटा हो । यस शोधमा कक्षा छमा अध्ययनरत छात्र विद्यार्थी र छात्रा विद्यार्थीहरुको पुरुष सम्बन्धी वाक्य गठन क्षमताको मूल्याङ्कन गर्दा निम्न नतिजा प्राप्त भएको देखिन्छ :

**तालिका नं. २०**

**पुरुषको प्रयोग क्षमता सम्बन्धी स्थिति**

| | छात्र | छात्रा |
|---|---|---|
| प्राप्ताङ्कको कुल योग | १६३ | १६९ |
| औसत अङ्क | ४.०७ | ४.२२ |
| मानक विचलन | १.०२ | ०.८८ |
| सबैभन्दा बढी प्राप्ताङ्क | ५ | ५ |
| सबैभन्दा कम प्राप्ताङ्क | २ | २ |
| जम्मा विद्यार्थी सङ्ख्या | ४० | ४० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

प्रस्तुत तालिकामा ५ अङ्कको प्रश्नमा छात्र विद्यार्थीहरुले प्राप्त गरेको कुल प्राप्ताङ्क १६३, औसत अङ्क ४.०७, मान विचलन १.०२ रहेको छ भने छात्रा विद्यार्थीहरुले प्राप्त गरेको कुल प्राप्ताङ्क १६९, औसत अङ्क, ४.२२, मानक विचलन ०.८८ रहेको छ । त्यसैले छात्र विद्यार्थीहरु भन्दा छात्रा विद्यार्थीहरुको औसत अङ्क बढी भएकाले छात्रा विद्यार्थीहरुको पुरुष सम्बन्धी वाक्य गठन क्षमता राम्रो रहेको देखिन्छ ।

## ६.५ आदरको प्रयोग क्षमता

प्रस्तुत शोधमा कक्षा छमा अध्ययनरत छात्र विद्यार्थी र छात्रा विद्यार्थीहरुको आदर सम्बन्धी वाक्य गठन क्षमताको मूल्याङ्कन गर्दा निम्न नतिजा प्राप्त भएको देखिन्छ :

**तालिका नं. २१**

**आदरको प्रयोग क्षमता सम्बन्धी स्थिति**

| | छात्र | छात्रा |
|---|---|---|
| प्राप्ताङ्कको कुल योग | १५१ | १४६ |
| औसत अङ्क | ३.७७ | ३.६५ |
| मानक विचलन | ०.६६ | १.६९ |
| सबैभन्दा बढी प्राप्ताङ्क | ५ | ५ |
| सबैभन्दा कम प्राप्ताङ्क | १ | २ |
| जम्मा विद्यार्थी सङ्ख्या | ४० | ४० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

प्रस्तुत तालिकामा ५ अङ्कको प्रश्नमा छात्र विद्यार्थीहरुले प्राप्त गरेको कुल प्राप्ताङ्क १५१, औसत अङ्क ३.७७, मानक विचलन ०.६६ रहेको छ भने छात्रा विद्यार्थीहरुले प्राप्त गरेको कुल प्राप्ताङ्क १४६, औसत अङ्क ३.६५, मानक विचलन १.६९ रहेको छ । त्यसैले छात्रा विद्यार्थीहरुको भन्दा छात्र विद्यार्थीहरुको औसत अङ्क बढी भएकाले छात्राहरुको आदर सम्बन्धी वाक्य गठन क्षमता राम्रो रहेको देखिन्छ ।

## ६.६ कालको प्रयोग क्षमता

प्रस्तुत शोधमा कक्षा छमा अध्ययनरत छात्र विद्यार्थी र छात्रा विद्यार्थीहरुको काल सम्बन्धी वाक्य गठन क्षमताको मूल्याङ्कन गर्दा निम्न नतिजा प्राप्त भएको देखिन्छ :

तालिका नं. २२

**कालको प्रयोग क्षमता सम्बन्धी स्थिति**

| | छात्र | छात्रा |
|---|---|---|
| प्राप्ताङ्कको कुल योग | १५० | १७० |
| औसत अङ्क | ३.७५ | ४.२५ |
| मानक विचलन | १.२७ | १.१५ |
| सबैभन्दा बढी प्राप्ताङ्क | ५ | ५ |
| सबैभन्दा कम प्राप्ताङ्क | २ | २ |
| जम्मा विद्यार्थी सङ्ख्या | ४० | ४० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

प्रस्तुत तालिकामा ५ अङ्कको प्रश्नमा छात्र विद्यार्थीहरुले प्राप्त गरेको कुल प्राप्ताङ्क १५०, औसत अङ्क ३.७५ र मानक विचलन १.२७ रहेको छ भने छात्रा विद्यार्थीहरुले प्राप्त गरेको कुल प्राप्ताङ्क १७०, औसत अङ्क ४.२५, मानक विचलन १.१५ रहेको छ । छात्र विद्यार्थीहरुको भन्दा छात्रा विद्यार्थीहरुको औसत अङ्क बढी भएकाले छात्रा विद्यार्थीहरुको काल सम्बन्धी वाक्य गठन क्षमता राम्रो रहेको देखिन्छ ।

## ६.७ ध्रुवीयताको प्रयोग क्षमता

प्रस्तुत शोधमा कक्षा छमा अध्ययनरत छात्र विद्यार्थी र छात्रा विद्यार्थीहरुको ध्रुवीयता (करण-अकरण) सम्बन्धी वाक्य गठन क्षमताको मूल्याङ्कन गर्दा निम्न नतिजा प्राप्त भएको देखिन्छ :

तालिका नं. २३

धुवीयताको प्रयोग क्षमता सम्बन्धी स्थिति

| | छात्र | छात्रा |
|---|---|---|
| प्राप्ताङ्कको कुल योग | १५४ | १४९ |
| औसत अङ्क | ३.८५ | ३.७२ |
| मानक विचलन | ०.६० | १.५९ |
| सबैभन्दा बढी प्राप्ताङ्क | ५ | ५ |
| सबैभन्दा कम प्राप्ताङ्क | १ | १ |
| जम्मा विद्यार्थी सङ्ख्या | ४० | ४० |

स्रोत : स्थलगत अध्ययन, २०७३ ।

प्रस्तुत तालिकामा ५ अङ्कको प्रश्नमा छात्र विद्यार्थीहरुले प्राप्त गरेको कुल प्राप्ताङ्क १५४, औसत अङ्क ३.८५ र मानक विचलन ०.६० रहेको छ भने छात्रा विद्यार्थीहरुले प्राप्त गरेको कुल प्राप्ताङ्क १४९, औसत अङ्क ३.७२, मानक विचलन १.५९ रहेको छ । त्यसैले यस अध्ययनबाट छात्रा विद्यार्थीहरुको भन्दा छात्र विद्यार्थीहरुको औसत अङ्क बढी भएकाले छात्र विद्यार्थीहरुको धुवीयता सम्बन्धी वाक्य गठन क्षमता राम्रो रहेको देखिन्छ ।

## ६.८ स्वतन्त्र लेखन क्षमता

प्रस्तुत शोधमा कक्षा छ मा अध्ययनरत छात्र विद्यार्थी र छात्रा विद्यार्थीहरुको स्वतन्त्र वाक्य रचना क्षमताको मूल्याङ्कन गर्दा निम्न नतिजा प्राप्त भएको देखिन्छ :

## तालिका नं. २४

## स्वतन्त्र लेखनको प्रयोग क्षमता सम्बन्धी स्थिति

| | छात्र | छात्रा |
|---|---|---|
| प्राप्ताङ्कको कुलयोग | १५१ | १६२ |
| औसत अङ्क | ३.७७ | ४.०५ |
| मानक विचलन | १.०५ | ०.९६ |
| सबैभन्दा बढी प्राप्ताङ्क | ५ | ५ |
| सबैभन्दा कम प्राप्ताङ्क | १ | १ |
| जम्मा विद्यार्थी सङ्ख्या | ४० | ४० |

स्रोतः स्थलगत अध्ययन, २०७३

प्रस्तुत तालिकामा ५ अङ्कको प्रश्नमा छात्र विद्यार्थीहरुले प्राप्त गरेको कुल प्राप्ताङ्क १५१, औसत अङ्क ३.७७, मानक विचलन १.०५ रहेको छ भने छात्रा विद्यार्थीहरुले प्राप्त गरेको कुल प्राप्ताङ्क १६२, औसत अङ्क ४.०५, मानक विचलन ०.९६ रहेको छ । त्यसैले यस अध्ययनबाट छात्र विद्यार्थीहरुको भन्द छात्र विद्यार्थीहरुको औसत अङ्क बढी भएकाले छात्रा विद्यार्थीहरुको स्वतन्त्र वाक्य रचना क्षमता राम्रो रहेको देखिन्छ ।

माथिका तालिकामा प्रस्तुत प्राप्ताङ्कका आधारमा कैलाली जिल्लाका कक्षा छमा अध्ययनरत छात्र विद्यार्थीहरुमा भन्दा छात्रा विद्यार्थीहरुमा वाक्य गठनका पक्षहरु अन्तर्गत आदर र ध्रुवीयता (करण-अकरण) पक्षमा छात्र विद्यार्थीहरुको वाक्य गठन क्षमता राम्रो रहेको छ भने लिङ्ग, वचन, पुरुष, काल र स्वतन्त्र लेखनमा छात्रा विद्यार्थीहरुको वाक्य गठन क्षमता राम्रो रहेको देखिन्छ ।

# अध्याय सात

# सारांश, निष्कर्ष र उपयोगिता

## ७.१ सारांश

वाक्य गठनका पक्षहरु जस्तै , लिङ्ग, वचन, पुरुष आदर, काल, ध्रुवीयता आदि मिलाई प्रयोग योग्य बनाउनु नै वाक्य गठन हो । भाषा एक विचार विनिमयको माध्यम भएकाले उचित वाक्य गठनले महत्त्वपूर्ण भूमिका राख्दछ । भाषालाई स्तरीय मानक र सम्प्रेषण युक्त बनाउने काम वाक्य गठनले गर्दछ । कर्ता, कर्म र क्रियाको सङ्गति मिल्नु नै वाक्य गठन हो । भाषाको अभिव्यक्ति स्पष्ट पार्न र भाषाका अर्थ प्रदान गर्न वाक्य गठनका विभिन्न पक्षहरुको महत्त्वपूर्ण भूमिका रहन्छ ।

प्रस्तुत शोधकार्यलाई पहिलो, दोस्रो, तेस्रो, चौथो, पाँचौ, छैठौ र सतौँ गरी सात अध्यायमा वर्गीकरण गरिएको छ । प्रत्येक अध्यायलाई विभिन्न शीर्षक उपशीर्षकमा विभाजन गरिएको छ ।

अध्याय एक अन्तर्गत शोध परिचय र पूर्वकार्यको समीक्षा रहेको छ । शोध परिचय अन्तर्गत अध्ययनको पृष्ठभूमि, समस्याकथन, शोधकार्यको उद्देश्य, अध्ययनको औचित्य र अध्ययनको सीमाङ्कन रहेको छ । त्यसैगरी पूर्वकार्यको समीक्षा अन्तर्गत पुस्तक समीक्षा र पूर्व शोधकार्यको समीक्षा प्रस्तुत गरिएको छ ।

अध्याय दुई अन्तर्गत सैद्धान्तिक प्रारूप अन्तर्गत वाक्यको परिचय, वाक्यका प्रकार, वाक्य गठनको परिचय, वाक्य गठनका पक्षहरु (लिङ्ग, वचन, पुरुष, आदर, काल, भाव, पक्ष, वाच्य, ध्रुवीयता), वाक्य गठन सम्बन्धी त्रुटि क्षेत्र, वाक्य गठन शिक्षणलाई प्रभावकारी बनाउने तरिका वाक्य वगठन सम्बन्धी अध्ययनको आवश्यकता प्रस्तुत गरिएको छ ।

अध्याय तिनमा अध्ययन विधि र प्रक्रिया रहेको छ । यसमा जनसङ्ख्या पहिचान, नमुना छनोट, क्षेत्रीय अध्ययन विधि, सामग्री सङ्कलनका स्रोतहरु (प्राथमिक र द्वितीयक), पुस्तकालय कार्य विधि, सामग्री निर्माण, तथ्याङ्क सङ्कलन र तथ्याङ्क विश्लेषण राखिएको छ ।

अध्याय चारमा वाक्य गठन क्षमताको अध्ययन अन्तर्गत वाक्य गठनको समग्र स्थिति, लिङ्ग, वचन, पुरुष, आदर, काल, ध्रुवीयता र स्वतन्त्र लेखन क्षमताको स्थिति रहेको छ ।

अध्याय पाँचमा विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरुको वाक्य गठन क्षमता अन्तर्गत सामुदायिक र संस्थागत विद्यालयको समग्र स्थिति, सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको लिङ्ग, वचन, पुरुष, आदर काल, ध्रुवीयता र स्वतन्त्र लेखन क्षमताको तुलनात्मक स्थिति रहेको छ ।

अध्याय छमा लैङ्गिकताका आधारमा विद्यार्थीहरुको वाक्य गठन क्षमता अन्तर्गत, छात्र र छात्राको समग्रात्मक स्थिति, लिङ्ग, वचन, पुरुष, आदर, काल, ध्रुवीयता र स्वतन्त्र लेखन सम्बन्धी स्थिति रहेको छ ।

अध्याय सातमा सारांश, निष्कर्ष र उपयोगिता अन्तर्गत सारांश, निष्कर्ष र उपयोगिता पर्दछन् । उक्त बाहेक सन्दर्भ सामग्रीको सूची, परिशिष्ट र व्यक्तिवृत्त समेत राखी शोध कार्यलाई अन्तिम रूप दिइएको छ ।

## ७.२ निष्कर्ष

प्रस्तुत शोध 'कक्षा छमा अध्ययनरत विद्यार्थीहरुको वाक्य गठन क्षमताको अध्ययन' शीर्षकमा तयार पारिएको छ । कैलाली जिल्लाका पाँच वटा सामुदायिक र पाँच वटा संस्थागत विद्यालयका आठ आठ जना विद्यार्थी छनोट गरी ८० जना विद्यार्थीहरुको लिखित परीक्षा लिएर प्राप्ताङ्कका आधारमा औसत अङ्क र मानक विचलन निकाली तुलनाका आधारमा निष्कर्ष निकालेर तल प्रस्तुत गरिएको छ :

- समग्रात्मक दृष्टिले कक्षा छमा अध्ययनरत विद्यार्थीहरुको प्राप्ताङ्कको औसत अङ्क ३९.७६ र मानक विचलन ७.२७ रहेकाले समग्र वाक्य गठन क्षमता राम्रो रहेको देखिन्छ ।
- वाक्य गठनका पक्षहरु अन्तर्गत समग्र लिङ्गको औसत अङ्क ४.४५ र मानक विचलन ०.४५ रहेकाले विद्यार्थीहरुको वाक्य गठन क्षमता राम्रो रहेको देखिन्छ ।

- वाक्य गठनका पक्षहरु अन्तर्गत समग्र वचनको औसत अङ्क ४.३८ र मानक विचलन ०.६४ रहेकाले विद्यार्थीहरुको वचन सम्बन्धी वाक्य गठन क्षमता राम्रो रहेको छ ।
- वाक्य गठनका पक्ष अन्तर्गत समग्र पुरुषको औसत अङ्क ७.९ र मानक विचलन १.२० रहेकाले विद्यार्थीहरुको वचन सम्बन्धी वाक्य गठन क्षमता राम्रो रहेको छ ।
- समग्र आदरको औसत अङ्क ३.७६ र मानक विचलन १.२८ रहेकाले आदर सम्बन्धी वाक्य गठन क्षमता मध्यम रहेको छ ।
- समग्र कालको औसत अङ्क ४ र मानक विचलन १.२४ रहेकाल काल सम्बन्धी वाक्य गठन क्षमता मध्यम रहेको छ ।
- समग्र ध्रुवीयताको औसत अङ्क ३.७८ र मानक विचलन १.५० रहेकाले ध्रुवीयता सम्बन्धी वाक्य गठन मध्यम रहेको छ ।
- समग्र स्वतन्त्र लेखन क्षमताको औसत अङ्क ३.८७ र मानक विचलन १.०९ रहेकाले स्वतन्त्र लेखन सम्बन्धी वाक्य गठन क्षमता मध्यम रहेको देखिन्छ ।
- सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको वाक्य गठन क्षमता हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीको औसत अङ्क ३६.६७ र मानक विचलन ६.२९ रहेको छ संस्थागत विद्यालयका विद्यार्थीहरुको औसत अङ्क ४२.२५ र मानक विचलन ६.८४ रहेको छ त्यसैले सामुदायिक विद्यालयको तुलनामा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको औसत अङ्क बढी भएकाले संस्थागत विद्यालयका विद्यार्थीहरुको वाक्य गठन क्षमता बढी रहेको छ ।
- लिङ्ग सम्बन्धी वाक्य गठन क्षमता अन्तर्गत सामुदायिक विद्यालयका विद्यार्थीहरुको औसत अङ्क ४.२५ र मानक विचलन १.०१ रहेको छ । संस्थागत विद्यालयका विद्यार्थीहरुको औसत अङ्क ३.५७ र मानक विचलन १.९० रहेको संस्थागत विद्यालयको तुलनामा सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको औसत अङ्क बढी भएकाले सामुदायिक विद्यालयका विद्यार्थीहरुको लिङ्ग सम्बन्धी वाक्य गठन क्षमता बढी रहेको छ ।

- सामुदायिक विद्यालयका विद्यार्थीहरुको वचन सम्बन्धी वाक्य गठन क्षमताको औसत अङ्क ३.२५ र मानक विचलन १.९८ रहेको छ । संस्थागत विद्यालयका विद्यार्थीहरुको वचन सम्बन्धी वाक्य गठन क्षमताको औसत अङ्क ४.५५ र मानक विचलन ०.५८ रहेको छ । यस आधारमा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको वचन सम्बन्धी वाक्य गठन क्षमता बढी रहेको छ ।
- सामुदायिक विद्यालयका विद्यार्थीहरुको पुरुष सम्बन्धी वाक्य गठन क्षमताको औसत अङ्क ३.७७ र मानक विचलन १.४३ रहेको छ । संस्थागत विद्यालयका विद्यार्थीहरुको वचन सम्बन्धी वाक्य गठन क्षमताको औसत अङ्क ४.१२ र मानक विचलन ०.९२ रहेको छ । यस आधारमा संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको पुरुष सम्बन्धी वाक्य गठन क्षमता बढी रहेको छ ।
- सामुदायिक विद्यालयका विद्यार्थीहरुको आदर सम्बन्धी वाक्य गठन क्षमताको औसत अङ्क ३.३७ र मानक विचलन १.५ रहेको छ । संस्थागत विद्यालयका विद्यार्थीहरुको औसत अङ्क ४.१५ र मानक विचलन ०.८४ रहेको छ । यस आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरुको आदर सम्बन्धी वाक्य गठन क्षमता बढी रहेको छ ।
- सामुदायिक विद्यालयका विद्यार्थीहरुको काल सम्बन्धी वाक्य वगठन क्षमताको औसत अङ्क ३.८५ र मानक विचलन १.४ रहेको छ । संस्थागत विद्यालयका विद्यार्थीहरुको औसत अङ्क ४.१५ र मानक विचलन १.३५ रहेको छ । यस आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरुको काल सम्बन्धी वाक्य गठन क्षमता बढी रहेको छ ।
- सामुदायिक विद्यालयका विद्यार्थीहरुको ध्रुवीयता सम्बन्धी वाक्य गठन क्षमताको औसत अङ्क ३.४७ र मानक विचलन १.५८ रहेको छ । संस्थागत विद्यालयका विद्यार्थीहरुको ध्रुवीयता सम्बन्धी वाक्य गठन क्षमताको औसत अङ्क ४.१ र मानक विचलन १.३५ रहेको छ । यस आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरुको औसत अङ्क बढी भएकाले उनीहरुको ध्रुवीयता सम्बन्धी वाक्य गठन क्षमता बढी छ ।

- सामुदायिक विद्यालयका विद्यार्थीहरुको स्वतन्त्र लेखन सम्बन्धी वाक्य गठन क्षमताको औसत अङ्क ३.४२ मानक विचलन १.३९ रहेको छ । संस्थागत विद्यालयका विद्यार्थीहरुको औसत अङ्क ४.२ र मानक विचलन ०.७८ रहेको छ। यस आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरुको औसत अङ्क बढी भएकाले उनीहरुले स्वतन्त्र लेखन सम्बन्धी वाक्य गठन क्षमता बढी छ।

- लैङ्गिकताका आधारमा समग्र वाक्य गठन क्षमता हेर्दा छात्रको औसत अङ्क ३८.७२ र मानक विचलन ७.०२ रहेको छ। छात्राको औसत अङ्क ४०.८ र मानक विचलन ६.१४ रहेको छ। यस आधारमा छात्राको औसत अङ्क बढी भएकाले छात्राको समग्र वाक्य गठन क्षमता बढी रहेको छ।

- लैङ्गिकताका आधारमा लिङ्ग सम्बन्धी वाक्य गठन क्षमता हेर्दा छात्रको औसत अङ्क ३.१२ र मानक विचलन १.९४ रहेको छ। छात्राको औसत अङ्क ४.४२ र मानक विचलन ०.७६ रहेको छ । यसका आधारमा छात्राको औसत अङ्क बढी भएकाले छात्राको लिङ्ग सम्बन्धी वाक्य गठन क्षमता बढी छ।

- लैङ्गिकताका आधारमा वचन सम्बन्धी वाक्य गठन क्षमता हेर्दा छात्रको औसत अङ्क ४.१५ र मानक विचलन ०.८४ रहेको छ। छात्राको औसत अङ्क ४.५ र मानक विचलन ०.५७ रहेको छ । यसका आधारमा छात्राको औसत अङ्क बढी भएकाले छात्राको वचन सम्बन्धी वाक्य गठन क्षमता बढी छ।

- लैङ्गिकताका आधारमा पुरुष सम्बन्धी वाक्य गठन क्षमता हेर्दा छात्रको औसत अङ्क ४.०७ र मानक विचलन १.०२ रहेको छ। छात्राको औसत अङ्क ४.२२ र मानक विचलन ०.८८ रहेको छ । यसका आधारमा छात्राको औसत अङ्क बढी भएकाले छात्राको पुरुष सम्बन्धी वाक्य गठन क्षमता बढी छ।

- लैङ्गिकताका आधारमा आदर सम्बन्धी वाक्य गठन क्षमता हेर्दा छात्रको औसत अङ्क ३.७७ र मानक विचलन ०.६६ रहेको छ। छात्राको औसत अङ्क ३.६५ र मानक विचलन १.६९ रहेको छ । यसका आधरामा छात्रको औसत अङ्क बढी भएकाले छात्रको आदर सम्बन्धी वाक्य गठन क्षमता बढी छ।

- लैङ्गिकताका आधारमा काल सम्बन्धी वाक्य गठन क्षमता हेर्दा छात्रको औसत अङ्क ३.७५ मानक विचलन १.२७ रहेको छ। छात्राको औसत अङ्क ४.२४ र

मानक विचलन १.१५ रहेको छ । यसका आधारमा छात्राको औसत अङ्क बढी भएकाले छात्राको काल सम्बन्धी वाक्य गठन क्षमता बढी छ ।

- लैङ्गिकताका आधारमा ध्रुवीयता सम्बन्धी वाक्य गठन क्षमता हेर्दा छात्रको औसत अङ्क ३.८५ र मानक विचलन ०.६० रहेको छ । छात्राको औसत अङ्क ३.७२ र मानक विचलन १.५९ रहेको छ । यसका आधारमा छात्रको औसत अङ्क बढी भएकाले छात्रको ध्रुवीयता सम्बन्धी वाक्य गठन क्षमता बढी छ ।
- लैङ्गिकताका आधारमा स्वतन्त्र लेखन सम्बन्धी वाक्य गठन क्षमता हेर्दा छात्रको औसत अङ्क ३.७७ र मानक विचलन १.०५ रहेको छ । छात्राको औसत अङ्क ४.०५ र मानक विचलन ०.९६ रहेको छ । यसका आधारमा छात्राको औसत अङ्क बढी भएकाले छात्राको स्वतन्त्र लेखन सम्बन्धी वाक्य गठन क्षमता बढी छ ।

यसरी वाक्य गठनका विभिन्न पक्षहरुसँग सम्बन्धित रहेर विभिन्न प्रकारका प्रश्नहरुका आधारमा विश्लेषण गर्दा कक्षा छमा अध्ययनरत विद्यार्थीहरुको वाक्य गठन क्षमता मध्यम रहेको देखिन्छ । सामुदायिक विद्यालयका विद्यार्थीहरु भन्दा संस्थागत विद्यालयका विद्यार्थीहरुका वाक्य गठन क्षमता राम्रो रहेको देखिन्छ । त्यसैगरी छात्र भन्दा छात्रा विद्यार्थीहरुको वाक्य गठन क्षमता राम्रो रहेको देखिन्छ ।

## ७.३ उपयोगिता

भाषालाई मानक स्तरीय र सम्प्रेषणयुक्त बनाउन वाक्य गठनको महत्त्वपूर्ण स्थान रहन्छ । वाक्य गठन सम्बन्धी कार्यकलाप गर्ने यसैसँग सम्बन्धित जानकारी लिन चाहने जो कोही विद्यार्थी, शिक्षक, शिक्षाविद्, अभिभावक, बौद्धिक व्यक्तित्व आदि सबैलाई केही हदसम्म भए पनि यस शोधले सहयोग गर्ने विश्वास रहेको छ ।

### ७.३.१ नीतिगत उपयोगिता

- कैलाली जिल्लाको कक्षा छमा अध्ययनरत विद्यार्थीहरुको समग्र वाक्य गठन क्षमताको स्थिति हेरी सोही अनुरूप शिक्षक तालिम सम्बन्धी नीति निर्माण गर्न सहयोग पुऱ्याउने छ ।
- वर्तमान पाठ्यक्रम र पाठ्य पुस्तकका आधारमा कक्षा छमा अध्ययनरत विद्यार्थीहरुको वाक्य गठन क्षमताको स्थिति थाहा पाई सोही आधारमा पाठ्यक्रम,

पाठ्य पुस्तक, स्रोत सामग्री र सन्दर्भ सामग्रीको निर्माण गर्ने उपयुक्त नीति निर्माण गर्न उपयोगी हुने छ ।

- कैलाली जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरुको वाक्य गठन क्षमताको उपलब्धि स्तर हेरी उपलब्धि वृद्धिका उपायहरु सुझाउनु र राज्यबाट उपयुक्त कार्यक्रम सञ्चालनका लागि नीति निर्माण गर्न सहयोगी बन्ने छ ।
- कक्षा छमा अध्ययनरत विद्यार्थीहरुले वाक्य गठनमा गर्ने त्रुटिहरु पहिचान गरी शिक्षकलाई अगाडि बढ्न प्रस्तुत अध्ययनले मार्गनिर्देशन गर्ने छ ।
- पाठ्यक्रम र पाठ्य पुस्तकमा कस्ता शब्द राख्ने भन्ने कुराहरु नीति निर्माणका माध्यमबाट कार्यान्वयन गर्न प्रस्तुत शोध सहयोग पुऱ्याउने छ ।
- यस अध्ययनले वाक्य गठन शिक्षणका निम्ति चाहिने आवश्यक शैक्षिक सामग्री निर्माण गर्न सहयोग पुऱ्याउने छ ।
- शोधकर्ता, समालोचक, लेखक, शिक्षक, विद्यार्थी आदि सबैलाई वाक्य गठन सम्बन्धी जानकारी प्राप्त गर्न उपयोगी हुने छ ।

### ७.३.२ व्यावहारिक उपयोगिता

- कैलाली जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरुको वाक्य गठन क्षमता जान्न चाहनेहरुका लागि उपयोगी हुने छ ।
- कक्षा छमा अध्ययनरत सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुले वाक्य गठनमा भिन्नता ल्याउनुको कारण पत्ता लगाउने शोध कार्य गर्नेहरुका लागि उपयोगी हुने छ ।
- लैङ्गिकताको आधारमा भिन्नता ल्याउनुको कारण पत्ता लगाउने शोध कार्य गर्नका लागि उपयोगि हुने छ ।
- सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको वाक्य गठन क्षमता पत्ता लगाउनुका लागि उपयोगी हुने छ ।
- लैङ्गिकताका आधारमा वाक्य गठन क्षमताको पहिचान गर्नका लागि उपयोगी हुने छ ।

- वाक्य गठन क्षमताका बारेमा सैद्धान्तिक ज्ञान ग्रहण गर्न चाहनेहरुका लागि उपयोगी हुने छ ।
- वाक्य गठन सम्बन्धी भावी अध्ययन गर्नेहरुका लागि उपयोगी हुने छ ।
- प्रस्तुत शोध अध्ययनबाट उपयुक्त शिक्षण विधि र सामग्रीको उपयोग गरी वाक्य गठन शिक्षण गर्ने सुझ शिक्षकहरुलाई प्राप्त हुने छ ।

# सन्दर्भ सूची


अधिकारी, ललिता (२०६९), *काभ्रे जिल्लाका कक्षा आठमा अध्ययनरत दनुवारी मातृभाषी विद्यार्थीहरुले नेपाली वाक्य गठनमा गर्ने त्रुटिको अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि.वि., कीर्तिपुर ।

अधिकारी, हेमाङ्ग राज (२०६९), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्ग राज (२०७१), *समसामयिक नेपाली व्याकरण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्ग राज र शर्मा, केदार प्रसाद (२०७१), *प्रारम्भिक नेपाली शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

आचार्य, प्रकाश (२०७१), *तनहुँ जिल्लाका कक्षा आठमा अध्ययनरत मगर भाषी विद्यार्थीहरुले नेपाली वाक्य गठनमा गर्ने त्रुटिको अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि.वि., कीर्तिपुर ।

उपाध्याय, शिवलाल (२०६७), *कक्षा छका विद्यार्थीहरुको वाक्य गठन सम्बन्धी त्रुटिहरुको अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि.वि., कीर्तिपुर ।

ओझा, रामनाथ, खकुरेल, रामनाथ र अधिकारी, बाल कृष्ण (२०७०), *शिक्षक सेवा आयोगको आधारभूत शैक्षिक ज्ञान र नेपाली भाषा शिक्षण,* काठमाडौँ : पिनाकल पब्लिकेसन ।

खनाल, पेशल (२०७२), *शैक्षिक अनुसन्धान पद्धति,* काठमाडौँ : सनलाइट पब्लिकेसन ।

खनाल, लाल कुमारी (२०७०), *स्याङ्जा जिल्लाका कक्षा आठमा अध्ययनरत गुरुङ भाषी विद्यार्थीहरुको वाक्य गठन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि.वि., कीर्तिपुर ।

ढकाल, शान्ति प्रसाद र खतिवडा, तीर्थराज (२०६९), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौँ : शुभ कामना प्रकाशन ।

दाहाल, नारायणप्रसाद र दाहाल रोशन (२०७०), *माध्यमिक नेपाली व्याकरण,* काठमाडौँ : शुभकामना प्रकाशन प्रा.लि. ।

देवकोटा, स्मिता (२०७२), *नवलपरासी जिल्लाका कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको वाक्य गठन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि.वि., कीर्तिपुर ।

धिताल, दुर्गा कुमारी (२०७१), *बर्दिया जिल्लाका कक्षा सातमा अध्ययनरत थारुभाषी विद्यार्थीहरुको वाक्य गठन क्षमताको अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि.वि., कीर्तिपुर ।

न्यौपाने, महेश्वर र घिमिरे, दिनेश (२०७०), *भाषा विज्ञानका प्रमुख सिद्धान्त,* काठमाडौं : सनलाइट पब्लिकेशन ।

पौडेल, कल्पना (२०७१), *कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुले वाक्य गठनमा गर्ने त्रुटिको अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि.वि., कीर्तिपुर ।

पौडेल, माधव प्रसाद (२०७०), *नेपाली भाषा शिक्षण,* काठमाडौं : विद्यार्थी प्रकाशन प्रा.लि. ।

बराल, कृष्ण हरि र नेत्र एटम (२०७३), *माध्यमिक नेपाली व्याकरण अभिव्यक्ति र अभ्यास,* काठमाडौं : तलेजु प्रकाशन ।

बराल, सरोज (२०६९), *कक्षा सातमा अध्ययनरत विद्यार्थीहरुको वाक्य गठन सम्बन्धी त्रुटिको अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि.वि., कीर्तिपुर ।

भट्टराई, रामप्रसाद (२०६८), *भाषिक अनुसन्धान विधि,* काठमाडौं : पिनाकल पब्लिकेसन प्रा.लि. ।

भट्टराई, डी.पी. र ढुङ्गेल, डिल्ली राम (२०७३), *माध्यमिक नेपाली व्याकरण र अभिव्यक्ति,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

भुसाल, केशव (२०७१), *भाषा विज्ञान,* काठमाडौं : पाठशाला पब्लिकेसन ।

राई, बन्दना (२०६५), *बान्तवा मातृभाषी विद्यार्थीहरुले स्तरीय नेपाली भाषामा गर्ने व्याकरणिक कोटिसम्बन्धी त्रुटिको अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि.वि., कीर्तिपुर ।

शर्मा, केदार प्रसाद र पौडेल, माधव प्रसाद (२०७०), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

श्रेष्ठ, दयाराम र अन्य (२०७२), *प्रवेशिका व्याकरण,* काठमाडौँ : भुँडीपुराण प्रकाशन ।

सुवेदी, सुष्मा (२०७०), *पर्वत जिल्लाका कक्षा आठमा अध्ययनरत मगर भाषी विद्यार्थीहरुले नेपाली वाक्य गठनमा गर्ने त्रुटिहरुको अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि.वि., कीर्तिपुर ।